# सर्वोच्च अदालत, संयुक्त इजलास

## माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
## माननीय न्यायाधीश श्री नृपध्वज निरौला

**आदेश**

०७७-WO-०१६०

मुद्दाः- उत्प्रेषण परमादेश समेत।

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २ सानेपा बस्ने अधिवक्ता शशी बस्नेत......................................................................................१

ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं. १२ बस्ने अधिवक्ता प्रकाश महर्जन......................................................................................१

काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ७ बस्ने अधिवक्ता विश्वनाथ खनाल......................................................................................१

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २ सानेपा बस्ने अधिवक्ता सुरेन्द्र बहादुर नेपाली ......................................................................................१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २९ बस्ने अधिवक्ता कृष्ण भण्डारी......................................................................................१ निवेदक

काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं. ६ बस्ने अधिवक्ता संयोजीता आचार्य ......................................................................................१

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १ बस्ने अधिवक्ता अजय बुढाथोकी......................................................................................१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ पेप्सीकोला बस्ने अधिवक्ता इषिका ढकाल ......................................................................................१

समेत जना ८ को वारेश भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका, वडा नं. १ लोकन्थली बस्ने गंगाबहादुर भुजेल ......................................................................................१

**विरुद्ध**

नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटार ......................................................................................१

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार......................................................................................१

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ......................................................................................१

कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष, नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार ......................................................................................१ प्रत्यर्थी

नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार ......................................................................................१

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार ...........१
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार.....................१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं यस अदालतको आदेश यसप्रकार रहेको छः-

१. नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७६ को निर्देशन नं. ६।०७६ बुँदा नं. १६ मा उपबुँदा (ज) थप गर्ने भनी नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागले मिति २०७७।४।१२ का दिन "*बैंक तथा वित्तीय संस्थाको २०७७ असार मसान्तमा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा बाँकी रहेको सम्पूर्ण रकम २०७७ साउन मसान्तभित्र नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गर्नुपर्नेछ*" भनी निर्देशन जारी गरेको छ। त्यस्तै, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७६ को निर्देशन नं. ६ को बुँदा नं. ६.१४ मा उपबुँदा (ख) थप गर्ने भनी नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागले मिति २०७७।४।१३ का दिन "*लघुवित्त वित्तीय संस्थाको २०७७ असार मसान्तमा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा बाँकी रहेको सम्पूर्ण रकम २०७७ साउन मसान्तभित्र नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गर्नुपर्नेछ*" भनी निर्देशन जारी गरेको छ। नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरेका यी नियमनकारी निर्देशनहरू नेपालको संविधान र अन्य प्रचलित कानून विपरित भएकाले उक्त व्यवस्थाहरू बदर गराउनको लागि सम्मानित अदालतमा न्यायको लागि सार्वजनिक सरोकारको यो निवेदन लिई आएका हौं।

२. नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७६ को निर्देशन नं. ६।०७६ बुँदा नं. १६ र "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७६ को निर्देशन नं. ६ को बुँदा नं. ६.१४ को मूल व्यवस्था अनुसार "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो हरेक आर्थिक वर्षको खुद मुनाफाको कम्तीमा १ प्रतिशत रकम छुट्ट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी तोकिए बमोजिम शिक्षा, सवास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रवर्द्धन, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार लगायतका सामाजिक परियोजना, अति विपन्न वर्गका लागि शिक्षा तथा स्वास्थ्यमा प्रत्यक्ष अनुदान, दिगो विकास लक्ष्य, कर्मचारीहरूका

लागि Child Day Care Centre, अनाथालय, बालमन्दिर, वृद्धाश्रम लगायतका क्षेत्रमा खर्च गरी सामाजिक तथा परोपकारी कार्य गर्दै आएका छन्। यसरी एकीकृत निर्देशन, २०७६ ले विभिन्न शर्तमा खर्च गर्न उठाएको रकम उल्लिखित शिर्षकमा खर्च गर्न नपाउँदै पश्चात्दर्शी प्रभाव (Retrospective effect) हुनेगरी पछि २०७७ को साउनमा जारी भएको निर्देशनले नेपालको संविधानको धारा ३० (स्वच्छ वातावरणको हक), ३१ (शिक्षा सम्बन्धी हक), ३८ (महिलाको हक) तथा ३९ (बालबालिकाको हक) माथि अनुचित बन्देज लगाएको छ।

३. कानूनी शासनमा राज्यका कुनैपनि निकायले निरंकुश (Autocrat) तथा स्वेच्छाचारी (Arbitrary) भएर निर्देशन दिन पाउँदैनन्। सार्वजनिक अधिकारीहरूका सबै अधिकार कानूनबाट प्राप्त भएको हुन्छ र कानूनले नै सार्वजनिक अधिकारीहरूको अधिकारको सीमा निर्धारण गरेको हुन्छ। राज्यलाई कर तिरिसकेपछि जम्मा गरिएको सामाजिक उत्तरदायित्व कोषको रकम पुनः राज्यको कोषमा नै देउ भन्ने अधिकार कुनै पनि कानूनले नेपाल राष्ट्र बैंकलाई दिएको छैन। त्यस्तो स्वेच्छाचारी निर्णय वा व्यवहार संविधानले प्रत्याभुत गरेका मौलिक हक अधिकारका विपरीत हुन्छ। सम्पत्तिको अधिकारको विधिशास्त्रीय मान्यता अनुसार राज्यले सार्वजनिक हितका लागि व्यक्तिगत सम्पत्तिमा हक जाहेर (Eminent domain principle) गर्दा पनि नेपालको संविधानको धारा २५ को उपधारा (२) र (३) को उद्देश्यका लागि निश्चित प्रक्रिया अबलम्बन गर्नुपर्ने हुन्छ। सम्मानित सर्वोच्च अदालतबाट *निवेदक नबिल बैंक लिमिटेडको तर्फबाट अधिकारप्राप्त श्री विनयकुमार रेग्मी समेत विरूद्ध श्रम अदालत अनामनगर काठमाडौं समेत (ने.का.प. २०६६, नि.नं. ८१००)* मा प्रतिपादित सिद्धान्तले समेत बैंकहरूको सम्पत्ति क्षतिपूर्ति वा मुआब्जा नदिइ सार्वजनिक काम वा हितको लागि प्राप्त गर्न नसकिने सिद्धान्त प्रतिपादन गरेको छ। कोषको रकम नागरिकहरू कै सामाजिक कार्यको लागि खर्च गर्नुपर्ने भएतापनि खर्च नगरेसम्म उक्त रकम नागरिकहरू कै सम्पत्ति हुने तर सम्बन्धित बैंक वा वित्तीय संस्था कै अधिनमा रहने सम्पत्ति (Custodial Property) मानिन्छ।

४. नेपाल राष्ट्र बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ बमोजिम दिएको निर्देशन आफैंमा कानून हैन। *नेपाल राष्ट्र बैंक सुपरीवेक्षण विभाग बालुवाटार काठमाडौंको जाहेरीले नेपाल सरकार विरुद्ध रुवी जोशी समेत (ने.का.प. २०७३, भाद्र महिना, नि.नं. ९६०८)* मा सम्मानित सर्वोच्च अदालबाट निर्देशिकाले आफैंमा कानूनको रुप धारण गर्न नसक्ने भनी सिद्धान्त प्रतिपादन भइसकेको छ। थप, उक्त दफा ७९ को उपदफा (३) र (४) मा निर्देशन दिन सकिने विषयको उल्लेख भएकोमा संस्थागत सामाजिक

उत्तरदायित्व कोषको रकम राज्यको कुनै कोषमा देउ भनेर निर्देशन दिन पाउने भनी लेखिएको छैन। कसैलाई चन्दा, अनुदान वा दान दिने अधिकार कम्पनीको साधारण सभालाई मात्रै हुन्छ। *निवेदक अभिमन्यु कुमार पोद्दार समेत विरूद्ध आन्तरिक राजश्व विभाग समेत (ने.का.प. २०७६, नि.नं. १०३७९)* को मुद्दामा ऐनमा रहेका प्रष्ट प्रावधानहरू नै निष्क्रिय हुने गरी परिपत्र गर्न नपाउने भनी सिद्धान्त समेत प्रतिपादन भईसकेको हुँदा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा रहेको सम्पूर्ण रकम कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गर्नुपर्ने भनी नेपाल राष्ट्र बैंकले दिएको निर्देशन कम्पनी ऐन, २०६३ को दफा १०५ (१) (ग) र दफा १०५ (२) समेतको विपरीत भई बदरभागी रहेको छ।

५. खासमा संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी व्यवस्था नेपाल राष्ट्र बैंकको निर्देशन मार्फत् नभई मुल ऐन (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन) वा कम्पनी ऐन मार्फत गरिनुपर्ने व्यवस्था हो। विगतमा औद्योगिक व्यवसाय ऐन, २०७३ र सो को नियमावली, २०७६ मा उद्योगले वार्षिक नाफाको कम्तीमा १ प्रतिशत रकम व्यावसायिक सामाजिक जिम्मेवारीका लागि छुट्ट्याई खर्च गर्नुपर्ने व्यवस्था गरेतापनि औद्योगिक व्यवसाय ऐन, २०७६ को समवर्ती व्यवस्थालाई कार्यान्वयन गर्न हालसम्म पनि नियमावली नबनेकाले ऐनले व्यवस्था गरेको व्यावसायिक सामाजिक जिम्मेवारीको व्यवस्था कार्यान्वयनमा आउन सकेको छैन। समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्य प्राप्त गर्न मुनाफा आर्जन गर्ने कम्पनीहरूलाई यो दायरामा समेट्ने एउटा छाता ऐन (Umbrella Act) को टड्कारो आवश्यकता रहेको छ।

६. माथि उल्लेख गरिएका तथ्यगत, संवैधानिक (धारा १७, २५, ३०, ३१, ३८, ३९ समेत), कानूनी (नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४, ५, २९, ४४, ४५ तथा ४६ र कम्पनी ऐन, २०६३ को दफा १०५ समेत) तथा विधिशास्त्रीय आधार कारण तथा न्यायका मान्य सिद्धान्त समेतको आधारमा विपक्षीहरूका नाउँमा संविधानको धारा १३३(२) र (३) बमोजिम नेपाल राष्ट्र बैंकले मिति २०७७।४।१२ मा "क", "ख", र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७६ को निर्देशन नं. ६।०७६ बुँदा नं. १६ मा उपबुँदा (ज) थप गर्ने भनी तथा मिति २०७७।४।१३ मा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७६ को निर्देशन नं. ६ को बुँदा नं. ६.१४ मा उपबुँदा (ख) थप गर्ने भनी जारी गरिएको निर्देशन, यस सम्बन्धी सम्पूर्ण आदेश, कागजात उत्प्रेषण आदेशबाट बदर गरीपाऊँ। साथै, तत्काल सबै बैंक तथा वित्तीय संस्थाहरूले संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम,

नियन्त्रण र उपचार कोषमा हालसम्म जम्मा गरेका सबै रकम तत्तत् बैंक तथा वित्तीय संस्थाहरूको संस्थागत सामाजिक उत्तरदायित्व कोषमा नै फिर्ता गर्न गराउन विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतको नाउँमा परमादेशको आदेश जारी गरी पाऊँ। संस्थागत उत्तरदायित्व कोषमा जम्मा गरेको रकमलाई हाल खर्च गर्नबाट नरोक्ने हो भने आम नागरिकहरूलाई अपूरणीय क्षति पुग्न जाने हुँदा रिट निवेदनको अन्तिम किनारा नलागुन्जेल उक्त कोषबाट कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गरेको रकम तत्काल खर्च नगर्न नगराउन यथावत राख्न विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतको नाउँमा स.अ.नि. २०७४ को नियम ४९ अनुसार अन्तरिम आदेश जारी गरी पाऊँ। संस्थागत सामाजिक उत्तरदायित्वको मूल्य, मान्यता र अन्तर्राष्ट्रिय सिद्धान्तलाई केन्द्रमा राखी सामाजिक उत्तरदायित्व वहन गराउने, सोको यथोचित परिचालन र नियमन गर्ने विषय समेत समेट्ने गरी एउटा छाता ऐन (Umbrella Act) वा आवश्यक कानून बनाउन विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय समेतको नाउँमा परमादेशको आदेश जारी गरी पाऊँ। औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५४ ले व्यावसायिक सामाजिक जिम्मेवारीको लागि १ प्रतिशत रकम छुट्ट्याउनुपर्ने व्यवस्था गरेता पनि उक्त ऐन कार्यान्वयन गर्न हालसम्म पनि नियमावली बन्न नसकेकाले तत्काल उक्त ऐनको नियमावली बनाई लागू गर्न गराउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय समेतका नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने व्यहोराको निवेदक शशी बस्नेत समेतको तर्फबाट यस अदालतमा दायर भएको रिट निवेदन।

७. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सवुद प्रमाण सहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १ र २ को हकमा आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधीमार्फत् र अन्य विपक्षीहरूको हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत् लिखितजवाफ पेस गर्नू भनी आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखितजवाफ परे वा अवधि नाघे पछि नियमानुसार गरी पेस गर्नू। साथै, निवेदनमा अन्तरिम आदेशको माग भएको सम्बन्धमा रिट निवेदनमै उक्त रकम कोरोना संक्रमण, रोकथाम, नियन्त्रण र उपचार कोषमा गई सकेको भन्ने देखिँदा उक्त रकम फिर्ता गर्नुपर्ने वा नपर्ने सम्बन्धमा अन्तिम आदेशमा बोलिने नै हुँदा सो सम्बन्धमा केही बोलिरहनु परेन। साथै निवेदकहरूले

माग गरे बमोजिमको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी छाता ऐन (Umbrella Act) बनाउनु पर्ने हो वा होइन भन्ने समेतका विषय तथा यस्तो कोषको तुलनात्मक अन्तराष्ट्रिय अभ्यास र त्यसबाट नेपालले ग्रहण गर्नुपर्ने विषय समेतका सम्बन्धमा सरोकारवालाहरूसँग समेत संक्षिप्त परामर्श गरी निवेदक मध्येकी अधिवक्ता श्री शशी बस्नेत समेतलाई संलग्न गराई उक्त विषयमा अध्ययन गरि आदेश प्राप्त गरेको तीन महिनाभित्र यस अदालतमा प्रतिवेदन पेस गर्न विपक्षी नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटारको नाममा लेखि पठाउनू र उक्त अध्ययन प्रतिवेदन प्राप्त भएपछि प्रस्तुत निवेदन नियमानुसार गरी पेसी चढाउनू। प्रस्तुत रिट निवेदनमा उल्लिखित विषयवस्तुको प्रकृति हेर्दा छिटो किनारा हुन उपयुक्त देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ (१) बमोजिम अग्राधिकार प्रदान गरिदिएको छ भन्ने व्यहोराको यस अदालतको मिति २०७७।६।५ को आदेश।

८. औद्योगिक व्यवसाय ऐन, २०७६ ले संस्थागत सामाजिक उत्तरदायित्वको सिद्धान्त एवं मुलभूत पक्षहरू आत्मसात् गर्दै यसले समाजमा पुऱ्याउने योगदानलाई मध्यनजर गरी दफा ४८ मा संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कानूनी व्यवस्था गरेको छ। उक्त ऐनको दफा ५४ को उपदफा (१) मा मझौला, ठूला उद्योग वा वार्षिक पन्ध्र करोड रूपैयाँभन्दा बढी कारोबार हुने घरेलु वा साना उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनको लागि प्रत्येक आर्थिक वर्षमा वार्षिक खुद मुनाफाको कम्तिमा एक प्रतिशत रकम छुट्ट्याउनुपर्ने, उपदफा (२) मा यसरी छुट्ट्याइएको रकम वार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमका क्षेत्रमा खर्च गर्नुपर्ने, उपदफा (३) मा उद्योगले प्रत्येक आर्थिक वर्षमा सम्पन्न गरेको कार्यक्रम र त्यस्तो कार्यक्रममा खर्च गरेको रकमको विवरण आर्थिक वर्ष व्यतित भएको छ महिनाभित्र सम्बन्धित उद्योग दर्ता गर्ने निकाय समक्ष पेस गर्नुपर्ने र व्यावसायिक सामाजिक जिम्मेवारीका लागि छुट्ट्याइएको रकम आयकर प्रयोजनार्थ खर्च कट्टी गर्न पाइने कानूनी व्यवस्था गरेको छ। नियमावली नबनेको भन्ने सम्बन्धमा यस मन्त्रालयबाट तयार भएको औद्योगिक व्यवसाय नियमावली, २०७७ को प्रारम्भिक मस्यौदा मिति २०७७/०५/१९ को माननीय मन्त्रिस्तरीय निर्णयानुसार विभिन्न सरोकारवाला निकायहरूको राय सुझावको लागि पठाइएको, नियमावलीको मस्यौदामा व्यावसायिक सामाजिक जिम्मेवारीको लागि छुट्ट्याइएको रकम खर्च गर्नुपर्ने कार्य वा क्षेत्रको व्यवस्था समेत प्रस्ताव गरिएको छ। अतः प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने व्यहोराको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।

९. नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशनमा निवेदकहरूको सार्थक सम्बन्ध र सारभूत स्वार्थ समेत जोडिएको विषय रिट निवेदन जिकिरमा प्रष्ट रुपमा खुलाउन सकेको देखिँदैन। मुलुकको अहिलेको प्राथमिकता नागरिकको जीवन रक्षा हो, नागरिकलाई कोरोनाको सम्भावित संक्रमणबाट जोगाउन, बढ्दो संक्रमणलाई नियन्त्रण गर्न र संक्रमित व्यक्तिको उपचारका लागि नेपाल सरकारले कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष स्थापना गरेकोलाई अन्यथा भन्न मिल्दैन। त्यसैगरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ बमोजिम राष्ट्र बैंकले अधिकारको प्रयोग गरी आफूले नियमन गर्ने वित्तिय संस्थाहरूको सन्दर्भमा जारी गरेको निर्देशनलाई अन्यथा भन्न मिल्ने पनि हुँदैन। संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी छाता ऐन वा आवश्यक कानून बनाउने सम्बन्धमा मुलुकमा के कस्तो नयाँ कानून बनाउने वा भइरहेको कानूनमा के कस्तो संशोधन वा परिमार्जन गर्ने भन्ने विषय विधायिकी बुद्धिमत्ता एवं क्षेत्राधिकार (Legislative Wisdom or Exclusive Legislative Competence) को विषय भएकोले यस मन्त्रालयको नाममा आदेश जारी हुनु पर्ने पनि होइन भन्ने व्यहोराको कानून, न्याय तथा संसदिय मामिला मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।

१०. नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम राष्ट्र बैंकलाई बैंक तथा वित्तीय संस्थाको नियमन गर्ने पुर्ण अधिकार रहेको छ। नेपाल राष्ट्र बैंकले संस्थागत सुशासनलाई कायम गर्न नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, यस बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख", "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७, यस बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको निर्देशन, २०७७, नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ अन्य प्रचलित कानून तथा यस बैंकले जारी गरेको निर्देशन, मार्गदर्शन, नीति तथा सूचनाको कार्यान्वयन गर्न इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको नियमन तथा सुपरिवेक्षण गर्ने तथा अन्य आदेश तथा निर्देशन दिनसक्ने अख्तियारी रहेको छ। आफ्नो कानूनी उत्तरदायित्व निर्वाह गर्ने क्रममा यस बैंकले विभिन्न निर्देशन, परिपत्र, पत्र तथा सूचना जारी गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ बमोजिम आफ्नो कानूनी अधिकार प्रयोग गरी यस बैंकले जारी गरेको निर्देशन विरुद्ध हुने गरी गरेको दाबी कानून सम्मत छैन। विश्वव्यापी रुपमा असर देखिएको कोरोना महामारी विरुद्ध कार्य गर्न नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गर्न गरिएको व्यवस्था समेत सामाजिक उत्तरदायित्वको विषयवस्तु मान्ने गरी यस बैंकले जारी गरेको निर्देशन कानून बमोजिम छ। यस बैंकबाट इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरूलाई जारी गरिएको

निर्देशन कानूनी रुपमा बाध्यात्मक व्यवस्थाको रुपमा लिनुपर्ने गरी *नुर प्रताप जंगबहादुर राणा वि. नेपाल राष्ट्र बैंक (ने.का.प. २०६४ अंक ११. नि.नं. ७८९१), सुरेश चन्द्र पौडेल वि. व्यवस्थापिका संसद् सचिवालय समेत (ने.का.प.२०६८ अंक ६, नि.नं. ८६२७)* मा व्याख्या भइसकेको छ। वित्तीय क्षेत्रको नियामक निकायको हैसियतले यस बैंकलाई नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, विदेशी विनिमय नियमित गर्ने ऐन, सम्पत्ति शुद्धिकरण निवारण ऐन लगायतका कानूनहरूले विभिन्न दायित्वहरू निर्धारण गरेका छन्। बैंकले जारी गरेको निर्देशनलाई अन्यथा भन्न मिल्ने अवस्था नरहेकाले सोका आधारमा सिर्जित परिणामले कसैको हक अधिकारमा आघात परेको भनी अर्थ गर्न मिल्ने नहुँदा विपक्षी रिट निवेदकले माग गरेको उत्प्रेषणयुक्त परमादेश लगायतका मागदाबी कानून सम्मत नभएकोले विपक्षीको निवेदन खारेज गरीपाऊँ भन्ने व्यहोराको नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालयको तर्फबाट पेस भएको लिखित जवाफ।

११. मानव जातीको साझा चुनौतिको रुपमा रहेको कोविड-१९ को सम्भावित संक्रमणबाट नागरिकलाई जोगाउन, बढ्दो संक्रमणलाई नियन्त्रण गर्न र संक्रमित व्यक्तिको उपचारका लागि नेपाल सरकारले कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष स्थापना गरेको र उक्त कोषको व्यवस्थित सञ्चालन सम्बन्धमा जारी गरिएको "कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६" को वैधानिकता र उक्त कोषमा संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम जम्मा गर्न नेपाल राष्ट्र बैंकले जारी गर्ने निर्देशनलाई अन्यथा भन्न मिल्ने हुँदैन। नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १११ ले प्रदान गरेको अधिकार अन्तर्गत नै बैंक तथा वित्तीय संस्थाहरूका लागि एकीकृत निर्देशन, २०७६ जारी गरेको र सो निर्देशनमा आवश्यक संशोधन समेत गरिएको देखिन्छ। निर्देशिका बनाउने अधिकार प्राप्त भएको निकायलाई त्यस्तो निर्देशिका आवश्यकता अनुसार संशोधन गर्ने अधिकार समेत रहने हुँदा संविधान तथा मातृ ऐन प्रतिकूल नभएको अवस्थामा अख्तियारप्राप्त निकायबाट जारी निर्देशिकालाई अन्यथा भन्न मिल्दैन। संस्थागत सामाजिक उत्तरदायित्वको मूल्य, मान्यता र सिद्धान्तलाई केन्द्रमा राखी छाता ऐन वा आवश्यक कानून बनाउनु भन्ने विषय विधायिकी बुद्धिमता एवं क्षेत्राधिकार (Legislative Wisdom or Exclusive Legislative Competence) को विषय भएकोले तत्सम्बन्धमा सम्मानित अदालतबाट कुनै आदेश हुन माग गर्नुपर्ने हुँदैन। संस्थागत सामाजिक उत्तदायित्व सम्बन्धी बेग्लै कानून भएमा कुनै व्यक्तिको अधिकार स्थापित हुने पनि होइन। कोभिड-१९ को सन्दर्भमा मौजुदा कानूनी व्यवस्थाबाट नै सामाजिक उत्तरदायित्व सहितका विषय सम्बोधन भइरहेको परिप्रेक्षमा तत्सम्बन्धमा यस

कार्यालयको नाममा आदेश जारी हुनु पर्ने हुँदैन भन्ने एकै मिलान व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष र नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट पेस भएको छुट्टाछुट्टै लिखित जवाफ।

१२. नेपाली जनताको संविधानद्वारा सुनिश्चित भएका मौलिक अधिकारको व्यवहारिक कार्यान्वयनमा निश्चित मुनाफा आर्जन गर्ने व्यवसायलाई नेपाल सरकारको सहयात्री बनाउन सामाजिक उत्तरदायित्व सम्बन्धमा छुट्टै छाता ऐन बनाउन आवश्यक भएको भन्ने व्यहोराको मिति २०७७।६।५ मा भएको यस अदालतको आदेशबमोजिम निवेदक समेतको संलग्नतामा नेपाल राष्ट्र बैंकको तर्फबाट अध्ययन गरी मिति २०७७।९।१२ मा पेस भएको प्रतिवेदन।

## आदेश खण्ड

१३. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकतर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री राजुप्रसाद चापागाईं र विद्वान् अधिवक्ताहरू श्री विश्वनाथ खनाल, श्री ध्रुव कोइराला र श्री शशी बस्नेत र प्रत्यर्थी नेपाल सरकारतर्फबाट उपस्थित हुनुभएका विद्वान् सहन्यायाधिवक्ता श्री गोविन्द खनालले गर्नुभएको बहस सुनियो।

१४. प्रस्तुत रिट निवेदनको मिसिल संलग्न कागजात अध्ययन गर्दा, नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७६ को निर्देशन नं. ६।०७६ बुँदा नं. १६ मा मिति २०७७।४।१२ मा थप गरिएको उपबुँदा (ज) र "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७६ को निर्देशन नं. ६ को बुँदा नं. ६.१४ मा मिति २०७७।४।१३ मा थप गरिएको उपबुँदा (ख) ले बैंक तथा लघुवित्त समेतका वित्तीय संस्थाहरूले २०७७ असार मसान्तमा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा बाँकी रहेको सम्पूर्ण रकम २०७७ साउन मसान्तभित्र नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेकोमा नेपाल राष्ट्र बैंकबाट जारी गरिएको उक्त परिपत्र, त्यस सम्बन्धी सम्पूर्ण आदेश र कागजातको कानूनी वैधता रहे नरहेको भन्ने प्रस्तुत रिट निवेदनको प्रमूख विषय रहेको देखिन्छ। साथै, संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी विशिष्टकृत छाता ऐन (Umbrella Act) को आवश्यकता रहे नरहेको तथा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५४ ले व्यवस्थित गरेको व्यावसायिक सामाजिक जिम्मेवारी लागू गर्न नियमावलीको आवश्यकता रहे नरहेको विषय समेत प्रस्तुत रिट निवेदनसँग सम्बद्ध रहेको देखिन्छ।

१५. नेपाल राष्ट्र बैंकबाट जारी गरिएका उल्लिखित निर्देशनहरू विधिशास्त्रीय मान्यता, नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले प्रदान गरेको निर्देशन दिने अधिकार र कम्पनी ऐन, २०६३ को दफा १०५(१) र (२) विपरित हुनुका साथै उक्त निर्देशनहरूले नागरिकको सामाजिक सांस्कृतिक मौलिक हकमा अनुचित बन्देज सिर्जना गरेको हुँदा उक्त परिपत्र, त्यस सम्बन्धी सम्पूर्ण आदेश र कागजात बदर गरी पाऊँ भन्ने मुख्य निवेदन मागदाबी रहेकोमा नेपाल राष्ट्र बैंकलाई बैंक तथा वित्तीय संस्थाको नियमन तथा सुपरिवेक्षण गर्ने, अन्य आदेश तथा निर्देशन दिनसक्ने, जारी गरिएको निर्देशनमा आवश्यक संशोधन गर्न सक्ने कानूनी अधिकार नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ र दफा १११ ले प्रदान गरेको, यसरी नियामक निकायको रुपमा राष्ट्र बैंकले जारी गरेको निर्देशन बाध्यात्मक व्यवस्थाको रुपमा रहने तथा कोविड-१९ को जोखिम न्यूनिकरण, रोकथाम, नियन्त्रण तथा उपचारको लागि खडा गरिएको वैधानिक कोषमा संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम जम्मा गर्न गरिएको निर्देशनले नागरिकको मौलिक हक अधिकारमा बन्देज नलगाएको हुँदा उक्त संशोधनहरू कानून बमोजिम नै रहेको भन्ने प्रत्यर्थी जिकिर रहेको देखिन्छ। साथै, संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी विशिष्टकृत कानून र औद्योगिक व्यवसाय ऐन, २०७६ अन्तर्गत नियमावली जारी हुनुपर्ने निवेदन मागदाबीका सम्बन्धमा ऐन निर्माण गर्ने विषय legislative wisdom अन्तर्गत रहने तथा औद्योगिक व्यवसाय नियमावलीको व्यावसायिक सामाजिक जिम्मेवारी सम्बन्धी प्रावधान सहितको प्रारम्भिक मस्यौदा मन्त्रिस्तरीय निर्णयानुसार विभिन्न सरोकारवाला निकायहरूको राय सुझावको लागि पठाइसकिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको प्रत्यर्थीहरूको पृथक-पृथक तथा एउटै आशयको लिखित जवाफ रहेको देखिन्छ।

१६. उपरोक्तानुसारको रिट निवेदन सहितको मिसिल कागजात हेरी दुवै पक्षतर्फबाट प्रस्तुत भएको बहस जिकिर समेत सुनी निर्णयतर्फ विचार गर्दा, निम्न प्रश्नहरूको निरुपण गर्नुपर्ने देखिन आयोः-

क. संस्थागत सामाजिक उत्तरदायित्व भनेको के हो? अन्तर्राष्ट्रिय कानूनी दस्तावेज तथा तुलनात्मक क्षेत्राधिकारमा रहेका अभ्यास अनुसार संस्थागत सामाजिक उत्तरदायित्वको अवधारणा अन्तर्गत के-कस्ता मूल्यमान्यता अन्तर्निहित रहेको देखिन्छ?

ख. नेपालमा संस्थागत सामाजिक उत्तरदायित्वका सम्बन्धमा के-कस्ता कानूनी व्यवस्था रहेका छन्? संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा एक छाता ऐन निर्माण गर्नु आवश्यक छ छैन?

ग. बैंक तथा वित्तीय संस्थाहरूले खडा गरेको संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकमलाई कोविड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि सरकारले खडा गरेको कोषमा जम्मा गर्न मिल्ने हो वा होइन?

घ. निवेदक मागदाबी बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन?

१७. पहिलो प्रश्न **"संस्थागत सामाजिक उत्तरदायित्व भनेको के हो? अन्तर्राष्ट्रिय कानूनी दस्तावेज तथा तुलनात्मक क्षेत्राधिकारमा रहेका अभ्यास अनुसार संस्थागत सामाजिक उत्तरदायित्वको अवधारणा अन्तर्गत के-कस्ता मूल्यमान्यता अन्तर्निहित रहेको देखिन्छ?"** भन्ने सम्बन्धमा विचार गर्दा, सन् १९०० को तीस र चालिसको दशकमा व्यापारी तथा व्यवसायीहरूबीच "सामाजिक उत्तरदायित्व" को आवश्यकताका सम्बन्धमा विचार विमर्श हुन थालेको देखिन्छ।[१] सन् १९५३ मा Howard R. Bowen द्वारा लिखित "Social Responsibilities of the Businessman" पुस्तकलाई व्यवसायीको "सामाजिक उत्तरदायित्व" को आधुनिक अवधारणाको उत्पत्तिको रुपमा लिइएको पाइन्छ। उक्त पुस्तकमा "संस्थागत सामाजिक उत्तरदायित्व" लाई सामाजिक उद्देश्य र मूल्यमान्यता अनुकूल नीति, निर्णय तथा कार्य गर्न व्यवसायीले वहन गर्नूपर्ने दायित्वको रुपमा परिभाषित गरिएको पाइन्छ।[२] सोही पुस्तकमा सामाजिक उत्तरदायित्वलाई "सार्वजनिक उत्तरदायित्व", "सामाजिक दायित्व" र "व्यावसायिक नैतिकता" को पर्यायवाची शब्दावलीको रुपमा प्रस्तुत गरिएको देखिन्छ।[३] सारमा, पुँजिवादी अर्थव्यवस्थाको विकाससँगै व्यावसायिक नैतिकतामा आएको क्षयीकरणलाई नियन्त्रण गर्न सामाजिक मूल्यमान्यतामा आधारित व्यवसाय सञ्चालनलाई प्रोत्साहन गर्दै सामाजिक समृद्धिका लागि आफ्नो स्रोतसाधनको प्रयोग गरी समाजको एक महत्त्वपूर्ण सदस्यको भूमिका निर्वाह गर्न व्यवसायीहरूलाई प्रेरित गर्ने उद्देश्यले सामाजिक उत्तरदायित्वको अवधारणाको उत्पत्ति भएको पाइन्छ।

१८. त्यस्तै, Joseph W. McGuire द्वारा सन् १९६३ मा लिखित Business and Society नामक पुस्तकमा सामाजिक उत्तरदायित्वको अवधारणाले कुनै पनि संस्थागत व्यवसायको आर्थिक तथा कानूनी दायित्व मात्र नभई सामाजिक उत्तरदायित्व समेत हुने मान्यता

---

[१] A. B. Carroll, *Corporate Social Responsibility*, 38(3) BUS. & SOC. 268, 268-295 (1999).

[२] HOWARD R. BOWEN, SOCIAL RESPONSIBILITIES OF THE BUSINESSMAN 7 (1953) (It refers to the obligations of businessman to pursue those policies, to make those decisions, or to follow those lines of action which are desirable in terms of the objectives and values of our society.).

[३] *Id.* (Synonyms for social responsibility are "public responsibility," "social obligations," and "business morality."

राख्दछ भनी उल्लेख भएको पाइन्छ।[४] अर्का लेखक H. Gordon Fitch ले सन् १९७६ मा संस्थागत सामाजिक उत्तरदायित्वको अवधारणालाई आफ्ना कारण सिर्जना भएको सामाजिक समस्या निवारण गर्न संस्थागत निकायले वहन गर्नुपर्ने दायित्वको रुपमा परिभाषित गरेको पाइन्छ। यसरी सुरुवाती चरणको "संस्थागत सामाजिक उत्तरदायित्व" को अवधारणामा यस्तो दायित्व कानूनी रुपमा बाध्यात्मक नभई एक स्वेच्छिक र नैतिक कार्यको रुपमा हेरिने बुझाई रहेको देखिन्छ। कतिपयले हालसम्म पनि यसलाई कानूनी अनुपालनसँग जोड्न नहुने तर्क गर्ने गरेको पाइन्छ।[५]

१९. संस्थागत सामाजिक उत्तरदायित्वको अवधारणालाई मानव अधिकारसँग जोड्ने विश्वव्यापी प्रयास पछि मात्र कानूनी अनुपालनका तत्त्वहरूलाई उक्त अवधारणामा समावेश गरिएको देखिन्छ। सन् १९९० को दशकमा Sullivan Principles र Macbride Principles जस्ता स्वेच्छिक मार्गदर्शनको रुपमा जारी गरिएका दस्तावेजको प्रभावबाट मानव अधिकार सम्बद्ध सामाजिक उत्तरदायित्वको अवधारणाले क्रमिक रुपमा कानूनी तथा अर्धकानूनी स्वरुप लिन थालेको पाइन्छ। विशेषतः सन् १९९० को दशकमा अन्तर्देशिय तथा बहुदेशिय कम्पनीहरूले अल्पविकसित राष्ट्रका नागरिकको जीवनमा पार्न सक्ने असरलाई ध्यानमा राखी कानूनी दायित्व सिर्जना गर्नुपर्ने उद्देश्यले सञ्चालित व्यवसाय र मानव अधिकार आन्दोलनले (Business and Human Rights Movement) गति लिए पछि संस्थागत सामाजिक उत्तरदायित्वका सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्ड जारी हुन थालेको देखिन्छ। संस्थागत सामाजिक उत्तरदायित्वको अवधारणालाई बाध्यकारी कानूनी अनुपालनसँग जोड्ने क्रममा ठूला बहुराष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनीबाट फरक दृष्टिकोण नराखिएको होइन। उदाहरणका लागि, सन् १९७४ मा संयुक्त राष्ट्र संघले अन्तर्देशिय कम्पनीहरूमाझ उत्तरदायी एवं समन्यायीक लगानीको अभ्यासलाई प्रवर्द्धन गर्ने उद्देश्यसहित एक आचार संहिताको मस्यौदा तयार पार्ने समेतको जिम्मेवारी दिई United Nations Centre on Transnational Corporations[६] को स्थापना गरेको भएतापनि अन्तर्देशिय कम्पनीहरूको लगातार सरोकार राखेका कारण सो कार्य सम्पन्न हुन नसकेको पाइन्छ। पछि Organization for Economic Cooperation and

[४] JOSEPH W. MCGUIRE, BUSINESS AND SOCIETY 144 (1963) (The idea of social responsibility supposes that the corporation has not only economic and legal obligations but also certain responsibilities to society which extend beyond these obligations.).

[५] Karin Buhmann, *Corporate Social Responsibility: What role for law? Some aspects of law and CSR,* 6(2) CORPORATE GOVERNANCE 188-202 (2006).

[६] United Nations Centre on Transnational Corporations (UNCTC) को स्थापना ई.सं. १९७५ भई ई.सं. १९९२ मा यसको विघटन भएको थियो। संयुक्त राष्ट्र संघले राष्ट्रिय सार्वभौमसत्ता, संस्थागत उत्तरदायित्व लगायतका विश्वव्यापीकरणसँग सम्बन्धित विषयहरूलाई सम्बोधन गर्न यस निकायको स्थापना गरेको थियो। हेर्नुहोस्, KHALIL HAMDANI & LORRAINE RUFFING, UNITED NATIONS CENTRE ON TRANSNATIONAL CORPORATIONS: CORPORATE CONDUCT AND THE PUBLIC INTEREST (2015).

Development (OECD) ले अन्तर्देशिय कम्पनीहरूको सरोकारलाई सम्बोधन गर्दै सन् १९७६ मा श्रम संरक्षणका विषय समेत समावेश गरिएको OECD Guidelines for Multinational Enterprises स्वेच्छिक मार्गदर्शन जारी गरेको देखिन्छ।[७]

२०. यीनै स्वेच्छिक मार्गदर्शनहरू क्रमिक रूपमा विश्वव्यापी मान्यताप्राप्त सैद्धान्तिक मापदण्डको रुपमा विकास भएको देखिन्छ। उदाहरणका लागि, मानव अधिकार, वातावरण र श्रम क्षेत्रप्रति व्यवसायहरुले वहन गर्नुपर्ने जिम्मेवारी समेतको उल्लेख गर्दै सन् १९९९ मा संयुक्त राष्ट्र संघले जारी गरेको Global Compact लाई यस मान्यताको विकसित सैद्धान्तिक मापदण्ड वा नरम कानून (soft laws) को रुपमा लिन सकिन्छ।[८] उक्त Global Compact ले मानव अधिकार, श्रम र वातावरणका लागि तथा भ्रष्टाचार विरुद्ध व्यवसायहरुले आफ्ना कार्यलाई निर्देशित गर्नुपर्ने उल्लेख गरेको देखिन्छ। मानव अधिकारका मूल्यमान्यतामा आधारित यिनै सिद्धान्तहरुले संस्थागत सामाजिक उत्तरदायित्वको कानूनी स्वरुप तय गर्न सहयोग गरेको देखिन्छ।

२१. यसरी सैद्धान्तिक मापदण्डहरूलाई कानूनी स्वरुप प्रदान गर्ने क्रममा सन् २००३ मा Draft Norms on the Responsibilities of Transnational Corporations and Other Business Enterprises with Regard to Human Rights[९] को मस्यौदा गरिएकोमा अन्तर्देशिय कम्पनीहरूको निरन्तर सरोकार पछि सन् २०११ मा संयुक्त राष्ट्र संघीय मानवाधिकार परिषद्बाट UN Guiding Principles on Business and Human Rights and its Three Pillars of Protect, Respect and Remedy[१०] नामक दस्तावेज सर्वसम्मत रुपमा पारित भई जारी भएको देखिन्छ। संयुक्त राष्ट्र संघको उक्त निर्देशक सिद्धान्तहरूले मुख्यतः राज्यले तेस्रो पक्ष (व्यवसाय) बाट हुने मानव अधिकार उल्लंघनबाट संरक्षण गर्नुपर्ने (protect), व्यवसाय अर्थात् त्यस्ता कम्पनीउपर मानव अधिकारको सम्मान गर्नुपर्ने संस्थागत उत्तरदायित्व हुने (respect), र राज्य र नीजि क्षेत्रले पीडितलाई प्रभावकारी न्यायिक तथा गैरन्यायिक उपचारको पहुँच सुनिश्चित गर्नुपर्ने (remedy) आयाम बोकेको पाइन्छ।[११] साथै, उक्त निर्देशक सिद्धान्तहरुले मानव अधिकार

---

[७] Organization for Economic Cooperation and Development, *OECD Guidelines for Multinational Enterprises (1976).*

[८] U.N. Global Compact, The Ten Principles of the U.N. Global Compact, https://www.unglobalcompact.org/what-is-gc/mission/principles (last visited June 30, 2025).

[९] U.N. Sub-Commission on the Promotion and Protection of Human Rights, Norms on the Responsibilities of Transnational Corporations and Other Business Enterprises with Regard to Human Rights, U.N. Doc. E/CN.4/Sub.2/2003/12/Rev.2 (2003).

[१०] Special Representative of the Secretary-General on the Issue of Human Rights and Transnational Corporations and Other Business Enterprises, **Guiding Principles on Business and Human Rights: Implementing the United Nations "Protect, Respect and Remedy" Framework**, U.N. Doc. A/HRC/17/31 (2011).

[११] *Id.* at ¶6.

घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम संगठनका मुख्य श्रम मापदण्ड, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि र आर्थिक, सांस्कृतिक तथा सामाजिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि अन्तर्गतका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनको उल्लंघन गर्न नहुने उल्लेख गरेको पाइन्छ।[१२] यसपश्चात अन्तर्राष्ट्रिय स्तरमा संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा कानूनी अनुपालन सम्बन्धी थप कार्य हुन गई हाल अन्तर्राष्ट्रियस्तरमा International Labor Organization Tripartite Declaration of Principles concerning Multinational Enterprises and Social Policy,[१३] International Standard Organization 2600 Social Responsibility Standard,[१४] United Nations Principles for Responsible Investment[१५], OECD Guidelines for Multinational Enterprises on Responsible Business Conduct[१६] लगायतका मार्गदर्शनहरू विकसित भएको पाइन्छ। हाल यिनै सिद्धान्त र मान्यताहरूलाई आधार मानी कम्पनीहरूको सामाजिक मूल्य (social value) समेत आंकलन गर्ने गरिएको देखिन्छ।

२२. राष्ट्रिय कानूनहरूमा संस्थागत सामाजिक उत्तरदायित्वको अवधारणालाई संस्थागत सुशासन अन्तर्गत राखी कम्पनीको कानूनी अनुपालनका रुपमा यसको विकास भएको पाइन्छ। उदाहरणका लागि, बेलायतको २००६ को कम्पनी ऐनको दफा १७२ मा कम्पनीका सञ्चालकको दायित्व अन्तर्गत वातावरण र समुदायको हितका लागि कार्य गर्नु कम्पनीको दायित्व हुने भनी उल्लेख गरेको पाइन्छ।[१७] त्यस्तै, भारतीय कम्पनी ऐनको दफा १३५ मा निश्चित मूल्य, कारोबार वा लाभ आर्जन गर्ने कम्पनीमा एक

---

[१२] *Id.* at 13.

[१३] Int'l Labour Org., **Tripartite Declaration of Principles Concerning Multinational Enterprises and Social Policy** (5th ed. 2017), https://www.ilo.org/empent/Publications/WCMS_094386/lang--en/index.htm (last visited June 30, 2025).

[१४] Int'l Org. for Standardization, **ISO 26000:2010 – Guidance on Social Responsibility** (2010), https://www.iso.org/standard/42546.html (last visited June 30, 2025).

[१५] U.N. Principles for Responsible Inv., **Principles for Responsible Investment** (2006), What are the Principles for Responsible Investment? | PRI Web Page | PRI (last visited June 30, 2025).

[१६] Organization for Economic Cooperation and Development, *OECD Guidelines for Multinational Enterprises on Responsible Business Conduct* (2023).

[१७] Companies Act, 2006 (UK), sec. 172: Duty to promote the success of the company: (1)A director of a company must act in the way he considers, in good faith, would be most likely to promote the success of the company for the benefit of its members as a whole, and in doing so have regard (amongst other matters) to — (a) the likely consequences of any decision in the long term, (b) the interests of the company's employees, (c) the need to foster the company's business relationships with suppliers, customers and others, (d) **the impact of the company's operations on the community and the environment**, (e) the desirability of the company maintaining a reputation for high standards of business conduct, and (f) the need to act fairly as between members of the company.

संस्थागत सामाजिक उत्तरदायित्व समिति रहनुपर्ने उल्लेख गरेको देखिन्छ।[१८] उक्त कम्पनीले आफ्नो औसत खुद नाफाको दुई प्रतिशत रकम सामाजिक उत्तरदायित्वको शिर्षकमा खर्च गर्नुपर्ने उल्लेख गरेको पाइन्छ। भारतमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कम्पनीहरूले कुन् कुन् शिर्षकमा खर्च गर्न सक्ने भन्ने सम्बन्धमा कम्पनी ऐनको अनुसूचि-७[१९] मा प्रष्ट व्यवस्था गरिएको देखिन्छ। उक्त अनुसूची-७ मा गरिबी, भोकमरी, कुपोषण निवारण, लैङ्गिक समानता, शिक्षा तथा स्वास्थ्य, वातावरण

---

[१८] Indian Companies Act, 2013, sec. 135 (1) Every company having net worth of rupees five hundred crore or more or turnover of rupees one thousand crore or more or a net profit of rupees five crore or more during any financial **year shall constitute a Corporate Social Responsibility Committee of the Board consisting of three or more directors, out of which at least one director shall be an independent director. (2) the Board's report under sub-section (3) of section 134 shall disclose the composition of the Corporate Social Responsibility Committee**. (3) The Corporate Social Responsibility Committee shall, (a) formulate and recommend to the Board, a Corporate Social Responsibility Policy which shall indicate the activities to be undertaken by the company as specified in Schedule VII; 185 . . . (5) The Board of every company referred to in sub-section (1) shall ensure that the company spends, in every financial year, at least two per cent of the average net profits of the company made during the three immediately preceding financial years, in pursuance of its Corporate Social Responsibility Policy: Provided that the company shall give preference to the local area and areas around it where it operates, for spending the amount earmarked for Corporate Social Responsibility activities: Provided further that if the company fails to spend such amount, the Board shall, in its report made under clause (o) of sub-section (3) of section 134, specify the reasons for not spending the amount.

[१९] Indian Companies Act, 2013, sch. VII, Activities which may be included by companies in their Corporate Social Responsibility Policies Activities relating to:— 1 [(i) eradicating hunger, poverty and malnutrition, 2 [promoting health care including preventive health] and sanitation 3 [Including contribution to the Swatch Bharat Kosh set-up by the Central Government for the promotion of sanitation] and making available safe drinking water; (ii) promoting education, including special education and employment enhancing vocation skills especially among children, women, elderly, and the differently abled and livelihood enhancement projects; (ii) promoting gender equality, empowering women, setting up homes and hostels for women and orphans; setting up old age homes, day care centers and such other facilities for senior citizens and measures for reducing inequalities faced by socially and economically backward groups; (iv) ensuring environmental sustainability, ecological balance, protection of flora and fauna, animal welfare, agroforestry, conservation of natural resources and maintaining quality of soil, air and water 4 [including contribution to the Clean Ganga Fund set-up by the Central Government for rejuvenation of river Ganga]; (v) protection of national heritage, art and culture including restoration of buildings and sites of historical importance and works of art; setting up public libraries; promotion and development of traditional arts and handicrafts; (vi) measures for the benefit of armed forces veterans, war widows and their dependents; (vii) training to promote rural sports, nationally recognized sports, paralympic sports and Olympic sports; (viii) contribution to the Prime Minister's National Relief Fund 5 [or Prime Minister's Citizen Assistance and Relief in Emergency Situations Fund (PM CARES Fund)] or any other fund set up by the Central Government for socio-economic development and relief and welfare of the Scheduled Castes, the Scheduled Tribes, other backward classes, minorities and women; 6 [(ix)(a) Contribution to incubators or research and development projects in the field of science, technology, engineering and medicine, funded by the Central Government or State Government or Public Sector Undertaking or any agency of the Central Government or State Government; and (b) Contributions to public funded Universities; Indian Institute of Technology (IITs); National Laboratories and autonomous bodies established under Department of Atomic Energy (DAE); Department of Biotechnology (DBT); Department of Science and Technology (DST); Department of Pharmaceuticals; Ministry of Ayurveda, Yoga and Naturopathy, Unani, Siddha and Homoeopathy (AYUSH); Ministry of Electronics and Information Technology and other bodies, namely Defense Research and Development Organisation (DRDO); Indian Council of Agricultural Research (ICAR); Indian Council of Medical Research (ICMR) and Council of Scientific and Industrial Research (CSIR), engaged in conducting research in science, technology, engineering and medicine aimed at promoting Sustainable Development Goals (SDGs)] (x) rural development projects.] 7 [(xi) slum are development.

संरक्षण, राष्ट्रिय सम्पदा संरक्षण, ग्रामिण खेलकुद प्रवर्द्धन लगायतका प्राथमिक क्षेत्रको पहिचान गरिएको देखिन्छ।

२३. चीनमा कम्पनी ऐन, २००६ को दफा ५ मा कम्पनीले सामाजिक नैतिकता तथा व्यावसायिक नैतिकताको अनुपालन गरी सामाजिक उत्तरदायित्व निर्वाह गर्नुपर्ने भनी उल्लेख भएको पाइन्छ।[२०] त्यस्तै, दक्षिण अफ्रिकाको कम्पनी कानूनमा पनि कम्पनीको वार्षिक कारोबार, कर्मचारीको संख्या र कम्पनीले गर्ने कार्यको आकार तथा प्रकृतिको आधारमा कुनै कम्पनी वा कुनै वर्गको कम्पनीले एक सामाजिक तथा नैतिकता समिति (social and ethics committee) को स्थापना गर्नुपर्ने भनी उल्लेख गरिएको पाइन्छ।[२१] उक्त ऐन अन्तर्गत २०११ मा बनेको नियमावलीले सामाजिक तथा नैतिकता समितिको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी प्रकार्य अन्तर्गत संयुक्त राष्ट्रको Global Compact का सिद्धान्त, OECD का सुझावहरू, समानताको प्रवर्द्धन, समुदायको विकासमा योगदान, वातावरण, श्रम, स्वास्थ्य तथा सार्वजनिक सुरक्षा, उपभोक्ता सम्बन्ध जस्ता विषय सम्बद्ध लक्ष्यतर्फ कम्पनीका कार्यहरू केन्द्रित गराउनुपर्ने उल्लेख गरेको पाइन्छ।[२२]

२४. यसरी Business and Human Rights Movement ले संस्थागत सामाजिक उत्तरदायित्वको अवधारणालाई स्वेच्छिक कार्यबाट बाध्यात्मक अनुपालनतर्फ क्रमिक रुपमा रुपान्तरण गर्दै कानूनी स्वरुप प्रदान गरेको देखिन्छ। यद्यपि अन्तर्राष्ट्रिय स्तरमा रहेका मापदण्डहरूले मूलतः मानव अधिकारको सम्मान (respect) र संरक्षण (protect) का आयामलाई प्राथमिकता दिई व्यवसायहरूलाई सर्वसाधारणको मानवअधिकार प्रतिकुल

---

[२०] Company Act, 2006, sec. 5: In the course of doing business, a company shall comply with laws and administrative regulations, conform to social morality and business ethics, act in good faith, subject itself to the government and the public supervision, and undertake social responsibility.

[२१] Companies Act, 2006: sec. 72(4) The Minister may by regulation prescribe that a company or a category of companies must have a social and ethics committee, if it is desirable in the public interest, having regard to— (a) its annual turnover; (b) the size of its workforce; or (c) the nature and extent of its activities.

[२२] Companies Regulation, 2011: Rule 43(5) A social and ethics committee has the following functions: (a) To monitor the company's activities, having regard to any relevant legislation, other legal requirements or prevailing codes of best practice, with regard to matters relating to (i) social and economic development, including the company's standing in terms of the goals and purposes of- (aa) the 10 principles set out in the United Nations Global Compact Principles; and (bb) the OECD recommendations regarding corruption; (cc) the Employment Equity Act; and (dd) the Broad-Based Black Economic Empowerment Act; (ii) good corporate citizenship, including the company's- (aa) promotion of equality, prevention of unfair discrimination, and reduction of corruption; (bb) contribution to development of the communities in which its activities are predominantly conducted or within which its products or services are predominantly marketed; and ( cc) record of sponsorship, donations and charitable giving; (iii) the environment, health and public safety, including the impact of the company's activities and of its products or services; (iv) consumer relationships, including the company's advertising, public relations and compliance with consumer protection laws; and (v) labour and employment, including- (aa) the company's standing in terms of the International Labour Organization Protocol on decent work and working conditions; and (bb) the company's employment relationships, and its contribution toward the educational development of its employees;

हुने कार्य नगर्ने (negative duty) आह्वान गरेको देखिन्छ। संस्थागत सामाजिक उत्तरदायित्व वा व्यवसाय र मानव अधिकारको अवधारणामा आधारित अन्तर्राष्ट्रिय मापदण्ड तथा दस्तावेजहरूमा कमै मात्र मानवअधिकारको परिपूर्ति (fulfill) का दृष्टिकोणबाट दायित्वहरू निर्धारण गरिएको भएतापनि संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी राष्ट्रिय कानूनहरूले भने मानवअधिकारको परिपूर्तिको आयामलाई समेत समावेश गरी पूर्ण कानूनी स्वरुप प्रदान गरेको देखिन्छ। साथै, त्यस्तो नियामक व्यवस्थाहरुमा सर्वसाधारणको मानव अधिकार उल्लंघन भएको अवस्थामा दण्ड जरिवाना (punitive resort) हुने गरी व्यवसायहरुलाई नागरिकप्रति सकारात्मक दायित्व (positive duty) निर्वहन गराइएको देखिन्छ।

२५. दोस्रो प्रश्न **"नेपालमा संस्थागत सामाजिक उत्तरदायित्वका सम्बन्धमा के-कस्ता कानूनी व्यवस्था रहेका छन्? संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा एक छाता ऐन निर्माण गर्नु आवश्यक छ छैन?"** सम्बन्धमा विचार गर्दा, नेपालमा संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कुनै विशिष्टकृत कानून जारी गरिएको नभएतापनि उद्योग र बैंकिङ क्षेत्रमा यस सम्बन्धमा केहि नियामक व्यवस्था गरिएको देखिन्छ। औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५४ ले "व्यावसयिक सामाजिक जिम्मेवारी सम्बन्धी व्यवस्था" शिर्षक अन्तर्गत निम्नानुसारको व्यवस्था गरेको देखिन्छः-

*(१) मझौला, ठूला उद्योग वा वार्षिक पन्ध्र करोड रूपैयाँभन्दा बढी कारोबार हुने घरेलु वा साना उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनको लागि प्रत्येक आर्थिक वर्षमा वार्षिक खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुट्ट्याउनु पर्नेछ।*

*(२) उपदफा (१) बमोजिम छुट्ट्याइएको रकम वार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमका क्षेत्रमा खर्च गर्नुपर्नेछ।*

*(३) उद्योगले उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षमा सम्पन्न गरेको कार्यक्रम र त्यस्तो कार्यक्रममा खर्च गरेको रकमको विवरण आर्थिक वर्ष व्यतित भएको छ महिनाभित्र सम्बन्धित उद्योग दर्ता गर्ने निकाय समक्ष पेस गर्नुपर्नेछ।*

*(४) उपदफा (१) बमोजिम व्यावासयिक सामाजिक जिम्मेवारीका लागि छुट्टयाएको रकम आयकर प्रयोजनार्थ खर्च कट्टी गर्न पाइनेछ।*

उक्त व्यवस्थाको कार्यान्वयन गर्न जारी गरिएको औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ४३ अन्तर्गत व्यावसायिक सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनको लागि छुट्ट्याएको रकम विपद्को रोकथाम, नियन्त्रण तथा उद्धार, सामुदायिक स्वास्थ्य

संस्थालाई औषधि तथा स्वास्थ्य उपकरण वितरण, नेपाली कला, साहित्यको संरक्षण, न्यून आय भएका, पिछडिएका, ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति तथा अल्पसंख्यक समुदायको विकासको कार्याक्रम, प्रदुषण नियन्त्रण, खानेपानी आयोजना, सडक, ढल, पाटी पौवा जस्ता क्षेत्रमा खर्च गर्नुपर्ने बाध्यकारी व्यवस्था गरिएको पाइन्छ। साथै, त्यसरी छुट्ट्याइएको वार्षिक रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित उद्योगबाट प्रभावित क्षेत्रमा खर्च गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ।

२६. त्यस्तै, प्रस्तुत रिट निवेदनको मुख्य विषयवस्तुको रुपमा रहेको राष्ट्र बैंकबाट जारी गरिएका दुईवटा निर्देशनले समेत बैंक तथा वित्तीय संस्थाको हकमा संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी व्यवस्था गरेको पाइन्छ।[२३] राष्ट्र बैंकबाट जारी गरिएको इजाजतप्राप्त "क" "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाका लागि जारी गरिएको एकीकृत निर्देशन, २०७६ को निर्देशन नं. ६ को बुँदा नं. १६[२४] मा बैंक तथा वित्तीय

---

[२३] सालबसाली रुपमा नेपाल राष्ट्र बैंकबाट जारी भईरहेका एकीकृत निर्देशनहरुमा सोही प्रावधानलाई निरन्तरता दिईरहेकोमा हाल संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी मार्गदर्शन, २०८० जारी गरिएको पाइन्छ।

[२४] नेपाल राष्ट्र बैंक, नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन-२०७६, इ.प्रा. निर्देशन नं. ६/०७६, बुँदा नं. १६: बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन आफ्नो हरेक आर्थिक वर्षको खुद मुनाफाको कम्तीमा १ प्रतिशत रकम छुट्ट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी जम्मा गर्नुपर्नेछ। सो कोषमा जम्मा भएको रकम निम्नानुसार हुने गरी अर्को आर्थिक वर्ष खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(क) संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकमबाट निम्न क्षेत्रहरूमा हुने खर्च व्यहोर्न सकिन्छः

(१) सामाजिक परियोजनाहरूमा हुने खर्चः शिक्षा, स्वास्थ्य दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रवर्द्धन, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार, सामाजिक रुपले पिछडिएका वर्गको आय आर्जन क्षमता अभिवृद्धि, वित्तीय साक्षरता, ग्राहक संरक्षण सम्बन्धी कार्यक्रम आदिमा ग्रने प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च। परियोजना छनौट गर्दा सम्बन्धित क्षेत्रमा कार्य गरिरहेका विशिष्टिकृत संस्थाहरूबाट सार्वजनिक सूचना मार्फत् प्रस्ताव माग गरी छनौट गर्नुपर्नेछ।

(२) प्रत्यक्ष अनुदान खर्चः अति विपन्न वर्गका लागि शिक्षा तथा स्वास्थ्यमा हुने खर्च व्यहोरिदिने गरी हुने प्रत्यक्ष अनुदान खर्च वा त्यस्ता क्षेत्रमा संलग्न तथा क्रियाशील संस्थाहरूको भौतिक संरचना निर्माण, साधन खरिद सञ्चालन खर्च आदिमा दिनइने प्रत्यक्ष अनुदान खर्च।

(३) दिगो विकास लक्ष्यः नेपालको दिगो विकास लक्ष्य, २०१६-२०२० (Sustainable Development Goals, 2016-2030) ले पहिचान गरेका १७ वटा क्षेत्रहरूमा तोकिएका लक्ष्यहरूको प्राप्तिमा सहयोग हुने गरी गरिने अन्य प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चहरू।

(४) बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थामा कार्यरत कर्मचारीहरूका लागि Child Day Care Centre को व्यवस्था गर्दा लाग्ने खर्च।

(५) व्यावसायिक रुपमा स्थापना भएका बाहेकका अनाथालय, बालमन्दिर र वृद्धाश्रमलाई दिइएको अनुदान तथा गरिएका खर्चहरू।

(६) खोलौ बैंक खाता अभियान, २०७६ अन्तर्गत खोलिएका खातामा बैंक तथा वित्तीय संस्थाका तर्फबाट जम्मा गरिएको प्रति खाता रु. १०० (एक सय) सम्मको खर्च रकम।

(ख) संस्थाको ब्राण्ड प्रवर्द्धन हुने गरी गरिने खर्च यस कोषबाट व्यहोर्न पाइने छैन। तर, संस्थागत सामाजिक उत्तरदायित्वमा गरेको खर्चमा संस्थाको नाम सौजन्यको रुपमा उल्लेख गर्न भने बाधा पुगेको मानिने छैन।

संस्थाले हरेक आर्थिक वर्षको खुद मुनाफाको कम्तीमा १ प्रतिशत रकम छुट्ट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी जम्मा गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ। सो कोषमा जम्मा भएको रकमबाट सामाजिक परियोजनाहरूमा हुने खर्च, वित्तीय साक्षरता, प्रत्यक्ष अनुदान खर्च, दिगो विकास लक्ष्य २०१६-२०३०, बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीहरूका लागि Child Day Care Centre को व्यवस्था गर्न लाग्ने खर्च, अनाथालय, बालमन्दिर र वृद्धाश्रमलाई दिइएको अनुदान तथा गरिएका खर्चहरू गर्न पाइने उल्लेख गरेको छ भने के-कस्ता शिर्षकमा उक्त रकमको खर्च गर्न नपाइने भनी निर्देशनात्मक व्यवस्था गरेको देखिन्छ। त्यस्तै, नेपाल राष्ट्र बैंकको इजाजतप्राप्त लघुवित्त वित्तीय संस्थाका लागि जारी गरिएको एकीकृत निर्देशन, २०७६ को निर्देशन नं. ६ को बुँदा नं. १४ मा सामानान्तर व्यवस्था गरिएको देखिन्छ।[२५]

---

(ग) बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा विषय (जस्तैः शिक्षा, स्वास्थ्य आदि) मा मात्र सीमित नभई आफ्नो कार्यक्षेत्रभित्रका विभिन्न भौगोलिक क्षेत्र तथा विषयहरूमा न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(घ) सञ्चालक समितिका सदस्यहरूलाई व्यक्तिगत तथा राजनैतिक लाभ हुने गरी खर्च गर्न पाइने छैन।

(ङ) सञ्चालक समितिले संस्थागत सामाजिक उत्तरदायित्वका लागि यस व्यवस्था अनुसार पहिचान हुने क्षेत्रहरू, सो क्षेत्रमा खर्चका लागि प्राप्त हुने प्रस्ताव मूल्याङ्कन गर्ने प्रक्रिया, कोषको सञ्चालन तथा व्यवस्थापन प्रक्रिया लगायतका विषयहरू समेटी छुट्टै कार्यविधि बनाई लागू गर्नुपर्नेछ।

(च) बैंक तथा वित्तीय संस्थाले यस्तो कोषको व्यवस्था तथा सोबाट भएको खर्चको क्षेत्रगत तथा प्रदेशगत विवरण आफ्नो वार्षिक वित्तीय विवरणको लेका सम्बन्धी टिप्पणी अन्तर्गत खुलाउनु पर्नेछ।

(छ) वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका वित्तीय संस्थाहरूले संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याएको रकमलाई आर्थिक वर्ष २०७६/७७ देखि लागू हुने गरी वित्तीय साक्षरता प्रवर्द्धन गर्ने लगायतका क्रियाकलापलाई प्रोत्साहित गर्न प्रत्येक प्रदेशमा न्यूनतम १० प्रतिशत हुनेगरी खर्च गर्नुपर्नेछ।

२५ नेपाल राष्ट्र बैंक, नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त "घ" वर्गका लघुवित्त संस्थाहरूलाई जारी गरिएको निर्देशन, २०७६, निर्देशन नं. ६, बुँदा नं. ६.१४: संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन आफ्नो हरेक आर्थिक वर्षको खुद मुनाफाको कम्तीमा १ प्रतिशत रकम छुट्ट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी जम्मा गर्नुपर्नेछ। सो कोषमा जम्मा भएको रकम निम्नानुसार हुने गरी अर्को आर्थिक वर्ष खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(क) संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकमबाट निम्न क्षेत्रहरूमा हुने खर्च व्यहोर्न सकिन्छः

(१) सामाजिक परियोजनाहरूमा हुने खर्चः शिक्षा, स्वास्थ्य दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रवर्द्धन, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार, सामाजिक रुपले पिछडिएका वर्गको आय आर्जन क्षमता अभिवृद्धि, वित्तीय साक्षरता, ग्राहक संरक्षण सम्बन्धी कार्यक्रम आदिमा ग्रने प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च। परियोजना छनौट गर्दा सम्बन्धित क्षेत्रमा कार्य गरिरहेका विशिष्टिकृत संस्थाहरूबाट सार्वजनिक सूचना मार्फत् प्रस्ताव माग गरी छनौट गर्नुपर्नेछ।

(२) प्रत्यक्ष अनुदान खर्चः अति विपन्न वर्गका लागि शिक्षा तथा स्वास्थ्यमा हुने खर्च व्यहोरिदिने गरी हुने प्रत्यक्ष अनुदान खर्च वा त्यस्ता क्षेत्रमा संलग्न तथा क्रियाशील संस्थाहरूको भौतिक संरचना निर्माण, साधन खरिद सञ्चालन खर्च आदिमा दिनइने प्रत्यक्ष अनुदान खर्च।

(३) दिगो विकास लक्ष्यः नेपालको दिगो विकास लक्ष्य, २०१६-२०२० (Sustainable Development Goals, 2016-2030) ले पहिचान गरेका १७ वटा क्षेत्रहरूमा तोकिएका लक्ष्यहरूको प्राप्तिमा सहयोग हुने गरी गरिने अन्य प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चहरू।

(४) लघुवित्त वित्तीय संस्थाले आफ्नो संस्थामा कार्यरत कर्मचारीहरूका लागि Child Day Care Centre को व्यवस्था गर्दा लाग्ने खर्च।

सालबसाली रुपमा नेपाल राष्ट्र बैंकबाट जारी भएका एकीकृत निर्देशनहरुमा यिनै व्यवस्थालाई लगभग उहि स्वरुपमा निरन्तरता दिने गरिएकोमा मिति २०८१।१२।४ गते नेपाल राष्ट्र बैंकबाट "बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मार्गदर्शन, २०८१" जारी भई एकीकृत निर्देशनमा उल्लेख गरिएको संस्थागत सामाजिक उत्तरदायित्वको प्रावधानलाई मार्गदर्शनमा व्यवस्थित गरिएको देखिन्छ। त्यस्तै, बीमा ऐन, २०७९ अन्तर्गत नेपाल बीमा प्राधिकरणले जारी गरेको "बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८०" मा समेत संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी विशेष व्यवस्था गरिएको देखिन्छ। उक्त निर्देशिकाले बीमकले प्रत्येक आर्थिक वर्षको खुद मुनाफाको एक प्रतिशत रकम छुट्ट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी जम्मा गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ।[२६] त्यसरी कोषमा जम्मा भएको रकमलाई सामाजिक परियोजना, प्रत्यक्ष अनुदान, गरिबी न्यूनीकरण र कम्पनीमा कार्यरत कर्मचारीहरुको बालबालिकाको लागि चाइल्ड केयर सेन्टरको व्यवस्था गर्न खर्च गर्न सकिने भनी उल्लेख गरिएको देखिन्छ।[२७] यसरी कोषबाट खर्च गर्दा क्षेत्र पहिचान गर्ने, खर्चको लागि प्राप्त हुने प्रस्ताव मूल्यांकन गर्ने तथा कोषको सञ्चालन तथा व्यवस्थापन लगायतका विषयहरु समेटी छुट्टै कार्यविधि बनाई लागू गर्नुपर्ने, कोषबाट भएको खर्च सम्बन्धी जानकारी आफ्नो वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी अन्तर्गत खुलाउनु पर्ने तथा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रत्येक आर्थिक वर्षमा सम्पन्न गरेको कार्यक्रम र त्यस्तो कार्यक्रममा भएको खर्चको विवरण

---

(५) व्यावसायिक रुपमा स्थापना भएका बाहेकका अनाथालय, बालमन्दिर र वृद्धाश्रमलाई दिइएको अनुदान तथा गरिएका खर्चहरू।

(६) खोलौं बैंक खाता अभियान, २०७६ अन्तर्गत खोलिएका खातामा बैंक तथा वित्तीय संस्थाका तर्फबाट जम्मा गरिएको प्रति खाता रु. १०० (एक सय) सम्मको खर्च रकम।

(ख) संस्थाको ब्राण्ड प्रवर्द्धन हुने गरी गरिने खर्च यस कोषबाट व्यहोर्न पाइने छैन। तर, संस्थागत सामाजिक उत्तरदायित्वमा गरेको खर्चमा संस्थाको नाम सौजन्यको रुपमा उल्लेख गर्न भने बाधा पुगेको मानिने छैन।

(ग) संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा विषय (जस्तैः शिक्षा, स्वास्थ्य आदि) मा मात्र सीमित नभई आफ्नो कार्यक्षेत्रभित्रका विभिन्न भौगोलिक क्षेत्र तथा विषयहरूमा न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(घ) सञ्चालक समितिका सदस्यहरूलाई व्यक्तिगत तथा राजनैतिक लाभ हुने गरी खर्च गर्न पाइने छैन।

(ङ) सञ्चालक समितिले संस्थागत सामाजिक उत्तरदायित्वका लागि यस व्यवस्था अनुसार पहिचान हुने क्षेत्रहरू, सो क्षेत्रमा खर्चका लागि प्राप्त हुने प्रस्ताव मूल्याङ्कन गर्ने प्रक्रिया, कोषको सञ्चालन तथा व्यवस्थापन प्रक्रिया लगायतका विषयहरू समेटी छुट्टै कार्यविधि बनाई लागू गर्नुपर्नेछ।

(च) संस्थाले यस्तो कोषको व्यवस्था तथा सोबाट भएको खर्च सम्बन्धी जानकारी आफ्नो वार्षिक वित्तीय विवरणको लेका सम्बन्धी टिप्पणी अन्तर्गत खुलाउनु पर्नेछ।

[२६] बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८०, दफा ४५(१)।

[२७] बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८०, दफा ४५(२)।

आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र प्राधिकरणमा पेस गर्नुपर्ने लगायतका अनुपालनात्मक व्यवस्थाहरु गरेको देखिन्छ।[२८]

२७. यसरी नेपालमा संस्थागत सामाजिक उत्तरदायित्वको अवधारणालाई बाध्यात्मक व्यवस्थाको रुपमा अवलम्बन गर्न थालिएको पाइन्छ। जहाँसम्म संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी एक छुट्टै छाता कानून (umbrella legislation) बनाउनु पर्ने निवेदन मागदाबी छ, सो सम्बन्धमा यसै रिट निवेदनमा अन्तरकालीन आदेशको रुपमा मिति २०७७।६।५ मा भएको आदेश बमोजिम संस्थागत सामाजिक उत्तरदायित्वको सम्बन्धमा छुट्टै छाता ऐन बनाउन पर्ने हो वा होइन भन्ने सम्बन्धमा अध्ययन गरी निवेदक तथा प्रत्यर्थी मध्येका नेपाल राष्ट्र बैंक समेत सम्मिलित अध्ययन टोलीले यस अदालतमा प्रतिवेदन पेस गरेको देखिन्छ।[२९] संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी छाता ऐन सम्बन्धमा समितिले गरेको अध्ययन अनुसार भारत, चीन, दक्षीण अफ्रिका, डेनमार्क लगायतका मुलुकमा संस्थागत सामाजिक उत्तरदायित्वको अनुपालन प्रणाली (compliance mechanism) सुनिश्चित गर्ने नियामक व्यवस्था रहेको भन्ने देखिन्छ। भारतमा कम्पनी ऐन, २०१३ अन्तर्गत Companies (Corporate Social Responsibility Policy) Rules, 2014 नामक संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी छुट्टै नियमावली रहेको देखिन्छ। उक्त नियामवलीले संस्थागत सामाजिक उत्तरदायित्व शिर्षक अन्तर्गत गरिएको खर्चको विस्तृत विवरण साधारण सभामा पेस गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा कम्पनीको वेबसाइटमा प्रकाशित गर्नुपर्ने लगायतका अनुपालनात्मक व्यवस्था गरेको देखिन्छ। दक्षीण अफ्रिकी कम्पनी कानून अन्तर्गत रहेको नियमावलीले सामाजिक तथा नैतिकता समितिको स्थापना गरी प्रत्येक कम्पनीले संयुक्त राष्ट्र संघीय Global Compact र OECD का मार्गदर्शनहरू पालना गर्नुपर्ने सम्मको व्यवस्था गरेको बारे यस अघि नै चर्चा गरिसकिएको छ। यद्यपि प्रतिवेदनमा अध्ययन गरिएका यी देशहरूमा संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी छाता ऐनको व्यवस्था गरिएको देखिँदैन। बेलायत र नाइजेरियामा संस्थागत सामाजिक उत्तरायित्व सम्बन्धी विधेयक तयार पारी एकीकृत छाता ऐन निर्माण गर्ने प्रयास गरिएको भएतापनि छुट्टै ऐन जारी गर्ने विषय छलफलमै रहेको देखिन्छ।[३०]

---

[२८] बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८०, दफा ४५(६), (७) र (८)।

[२९] सम्मानित श्री सर्वोच्च अदालतबाट मिति २०७७।६।५ मा भएको आदेशबमोजिम संस्थागत सामाजिक उत्तरदायित्वका सम्बन्धमा छुट्टै ऐन बनाउन पर्ने हो वा होइन सो सम्बन्धमा अध्ययन गरी पेस गरिएको प्रतिवेदन।

[३०] हेर्नुहोस्, House of Commons, *Corporate Social Responsibility Bill*, https://publications.parliament.uk/pa/cm200203/cmbills/129/03129.i.html (Last visited, Jun. 30, 2025). नाइजेरियामा २००७ र २०२३ मा दुईपटक छाता ऐन निर्माण गर्ने प्रयास गरिएको भएतापनि हालसम्म छुट्टै ऐन जारी भएको देखिँदैन।

२८. यस प्रसङ्गमा संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी एकीकृत कानून एक विकासशील विषय रहेको देखिन्छ। माथि उद्धरित Global Compact, OECD Guidelines र दोस्रो प्रश्नका सन्दर्भमा गरिएका विवेचनाले समेत संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा व्यवसाय तथा कम्पनीका कार्यहरूलाई गरिवी तथा भोकमरी निवारण लगायत मानव अधिकारको संरक्षणका कार्यमा प्रवाह गर्न र संस्थागत सामाजिक उत्तरदायित्व कोषमा भएको रकमको खर्च विवरणको यथार्थपकरता, पारदर्शिता र जवाफदेहीता प्रवर्द्धन गर्न समेत संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी अनुपालनात्मक व्यवस्थाको आवश्यकता रहेको देखिन्छ। यस अदालतको आदेश बमोजिम निवेदक र प्रत्यर्थी नेपाल राष्ट्र बैंकसमेत रहेको अध्ययन टोलीबाट पेस गरिएको प्रतिवेदनको बुँदा नं. ७ मा संस्थागत सामाजिक उत्तरदायित्वलाई सम्बोधन गर्न छाता ऐन (Umbrella Act) को आवश्यकता छ भन्ने सम्बन्धमा उद्योग प्रतिष्ठान उपर आम उपभोक्ताको विश्वास जागृत गराउन, निश्चित मुनाफा आर्जन गर्ने कम्पनीहरूलाई समेत संस्थागत सामाजिक उत्तरदायित्वको अवधारणा अन्तर्गत समेट्न, राष्ट्रिय हित, उत्पादनको सुरक्षा, उपभोक्ताको अधिकारको संरक्षण, औद्योगिक प्रदुषणको नियन्त्रण, दिगो सुदृढीकरण, स्थिर र स्वस्थ आर्थिक वृद्धि गर्न, भोकमरी न्यूनीकरणका लागि संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च हुने रकमलाई व्यवस्थित गर्ने, गरिबी निवारण गर्ने लगायतका दिर्घकालीन विकास लक्ष्य २०१६-२०३० मा तोकिएका लक्ष्य प्राप्ति समेतका कार्यका लागि यस सम्बन्धमा एक छाता ऐन आवश्यक रहेको उल्लेख गरेको देखिन्छ।

२९. संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी छाता ऐनको उद्देश्य तथा स्वरुपका सम्बन्धमा समेत चर्चा गर्नु आवश्यक देखिन्छ। स्वभाविक रुपमा सबै क्षेत्रका सामाजिक उत्तरदायित्व सम्बन्धी कोषको रकमलाई कसरी एकीकृत र प्रभावकारी बनाउने भन्ने ऐनको उद्देश्य हुनुपर्ने देखिन्छ। मुलतः यस अदालतको आदेश बमोजिम नेपाल राष्ट्र बैंक र निवेदक समेत सम्मिलित रहेको टोलीले पेस गरेको प्रतिवेदनमा औल्याईएका आवश्यकता समेतका सेरोफेरोमा त्यस्तो छाता ऐनको उद्देश्य र स्वरुप निर्धारण गर्नुपर्ने देखिन्छ। अध्ययन गरिएको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी विकासशील कानूनी व्यवस्थाका मूल विषयका रुपमा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकमको खर्च विवरण पेस गर्ने, प्रतिवेदन पेस गर्ने, लेखा सम्बन्धी टिप्पणी लगायत वार्षिक आर्थिक विवरण पेस गर्ने सम्मका कार्यविधिगत व्यवस्थाहरु उल्लेख भएको पाइन्छ। सारभूत व्यवस्थाका रुपमा भने सामान्यतयः संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नुपर्ने रकम, कोषको रकम खर्च गर्न मिल्ने क्षेत्रको शिर्षकगत सूचीको उल्लेख भएको पाइन्छ। यसरी संस्थागत सामाजिक उत्तरदायित्व

कोषमा जम्मा भएको रकम के कुन क्षेत्रमा कसको हित प्रवर्द्धनका लागि प्रयोग हुने भन्ने सम्बन्धमा ऐनले नै प्रष्ट दिशानिर्देश गर्नुपर्ने हुन्छ। मानव अधिकारको पहुँचबाट बञ्चित, ऐतिहासिक उत्पिडन र गरिबीका दुष्परिणामले सामान्य जीवनयापन समेत गर्न नपाएका तथा मानव विकासमा समेत पछाडि परेका जनसमुदायको हितमा व्यवसायहरुले संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम खर्च गर्नुपर्ने गरी व्यवस्था गर्न आवश्यक देखिन्छ। साथै, व्यवसायहरुको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी जिम्मेवारीलाई ऐनमै व्यवस्था गर्दा व्यवसाय र मानव अधिकार (Business & Human Rights) को अवधारणाको समेत आन्तरिकीकरण गर्नु आवश्यक देखिन्छ। यसका लागि संयुक्त राष्ट्र संघीय Global Compact का दश सिद्धान्त लगायत अन्तर्राष्ट्रिय श्रम संगठन, आर्थिक सहकार्य तथा विकास संगठनले निर्माण गरेका दस्तावेजहरुबाट निसृत मूल्यमान्यताहरु अनुकरणीय देखिन्छन्।[३१]

३०. संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम खर्च गर्ने सम्बन्धमा आर्थिक उत्तरदायित्व र जवाफदेहीता प्रवर्द्धन गर्न त्यस्तो छाता ऐनमा सारभूत प्रकृतिका अनुपालनात्मक व्यवस्थाहरु गर्न सकिन्छ। जस्तै, संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी छाता ऐनको उद्देश्य र प्रस्तावना विपरित नहुने गरी व्यवसायहरुले आवश्यक नीति निर्माण गर्ने तथा त्यसको कार्यान्वयन गर्नका लागि एक छुट्टै समिति निर्माण गर्नुपर्ने, छाता ऐनको उद्देश्यविपरित हुने गरी कोषको रकम खर्च भएमा वा आर्थिक विवरण पेस नगरिएको अवस्थामा त्यसरी खर्च गरिएको रकम वा बेरुजु हुन गएको रकम जिम्मेवारी तोकिएको व्यक्तिबाट सोधभर्ना गर्ने, दण्ड जरिवाना गर्ने तथा नेपाल सरकारले व्यवसायहरुलाई प्रदान गरेको कर सुविधा लगायत अन्य सुविधामा रोक लगाउन सक्ने लगायतका दण्डात्मक व्यवस्था समेत गरी संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकमको जवाफदेहीता कायम गर्न सकिन्छ। यसका साथै, व्यवसायहरुले सञ्चालन गर्दै आएका संस्थागत सामाजिक उत्तरदायित्व कोषको पूर्ण रेखदेखका लागि छुट्टै केन्द्रीय कोष वा समितिको स्थापना गर्ने विषयसमेत विचरणीय देखिन्छन्। त्यस्तो समितिलाई अर्द्धन्यायिक प्रकृतिका अधिकार समेत प्रदान गरी व्यवसायहरुले संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम प्राथमिकता क्षेत्रमा खर्च नगर्ने वा अपचलन गर्ने जोखिमलाई निस्तेज गर्ने लगायतका व्यवस्था गर्न संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी छाता ऐनको आवश्यकता रहेको देखिन्छ।

३१. वास्तवमा नेपालको संविधानप्रदत्त मौलिक हक अधिकारको प्रत्याभुतिका लागि राज्य लगायत निजी तथा सार्वजनिक क्षेत्र समेतको समानुपातिक दायित्व हुन्छ। समग्र निजी

---

[३१] हेर्नुहोस्, उद्दरण नं. ८।

क्षेत्रको सामाजिक दायित्वलांई उन्नत रुपमा सम्बोधन गर्न तथा सर्वसाधारणको मानव अधिकारको प्रचलन गराउने तर्फ केन्द्रित गर्न पनि कार्यपालिका र व्यवस्थापिकाले एक एकीकृत छाता ऐनको सम्बन्धमा गम्भीरता देखाउनु पर्ने देखिन्छ। केन्द्रीय बैंकको हैसियतमा रहेको नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था र वित्तीय क्षेत्रका कम्पनीहरूको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी खर्चको नियमन गर्न छुट्टै ऐन बनाउन प्रारम्भिक कार्य थालिसकेको भन्ने समेत देखिन्छ।[३२] वस्तुतः यस्तो प्रयासले आयकर प्रयोजनार्थ खर्च कट्टी गर्न पाइने रकम सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गरिने हो र यथार्थमा यो राज्यलाई करको रुपमा जाने रकम नै हो भन्ने मान्यतलाई मध्येनजर राख्दै हाल थालिएका प्रयासलाई थप विस्तारित गर्दै अन्तर्राष्ट्रिय र तुलनात्मक क्षेत्रमा विकास भएका सिद्धान्त र मान्यताहरूलाई मध्येनजर गरी समग्र निजी क्षेत्रको सामाजिक दायित्व निर्वाहलाई अर्थपूर्ण बनाउन र थप व्यवस्थित गर्नका निमित्त संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी छुट्टै छाता ऐनको आवश्यकता रहेको भनी लिइएको निवेदन जिकिरलाई अन्यथा भन्न मिल्ने देखिँदैन।

३२. तेस्रो प्रश्न **"बैंक तथा वित्तीय संस्थाहरूले खडा गरेको संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकमलाई कोविड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि सरकारले खडा गरेको कोषमा जम्मा गर्न मिल्ने हो वा होइन?"** भन्ने सम्बन्धमा विचार गर्दा, सामाजिक उत्तरदायित्व कोषको रकम खर्च गर्ने सम्बन्धमा मूलतः दुईवटा तत्त्वको विद्यमानतालाई आवश्यक मानिएको देखिन्छ। प्रथमतः संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गरिएको रकमको पहिलो हकदार व्यवसायको प्रभावित क्षेत्रमा बसोबास गरिरहेका व्यक्तिहरू रहने हुँदा त्यस्तो रकमको खर्च गर्दा प्रभावित क्षेत्रका नागरिकहरूले लाभ पाउन सक्ने गरी रकमको खर्च गरिनुपर्दछ। संस्थागत सामाजिक उत्तरदायित्व अवधारणाको विकास नै व्यवसायका कारण उत्पन्न भएका समस्याको निराकरणका लागि सो व्यवसाय नै जिम्मेवार रहने भन्ने मान्यता बाट भएको हुँदा प्रभावित क्षेत्रका नागरिकहरूको सरोकार र मानव अधिकार संरक्षणमा संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम खर्च हुनुपर्ने देखिन्छ। औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ४३ को उपनियम (३) ले यसै सिद्धान्तको अनुशरण गर्दै *"उपनियम (१) बमोजिमको क्षेत्रमा खर्च गर्न छुट्ट्याइएको वार्षिक रकमको कम्तीमा पचास प्रतिशत*

---

[३२] नयाँ पत्रिका, संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी अलग्गै ऐन बनाइने, https://www.nayapatrikadaily.com/news-details/११८३५८/२०२३-०७-०२ (Last visited, Jun. 30, 2025) (हाल संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी व्यवस्था छरिएर रहेकाले यसलाई एकत्रित गरेर अभि बढ्नुपर्ने निष्कर्षमा राष्ट्र बैंक पुगेको छ। यस सम्बन्धमा सरोकारवालासँग छलफलसमेत गरिरहेको राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले जानकारी दिए। उनले भने, 'हामी अहिले प्रारम्भिक छलफलमै छौं। कम्पनी, बैंक तथा वित्तीय संस्था सबैलाई एउटै ऐनको दायरामा ल्याउने गरी प्रयास भइरहेको छ।'

*रकम सम्बन्धित उद्योगबाट प्रभावित क्षेत्रमा खर्च गरी सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ"* भन्ने व्यवस्था गरेको देखिन्छ। बैंक तथा वित्तीय संस्थाहरूको हकमा प्रभावित क्षेत्र पहिचान गर्दा केन्द्रिय कार्यालय वा शाखा अवस्थित रहेको स्थानलाई मान्न सकिन्छ।

३३. दोस्रो, संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम राज्यका ठूला विकास आयोजना, आर्थिक रुपले सबल समूहको हित वा सरोकार, उच्च वर्गीय हैसियत भएका प्रभावशाली व्यक्तिहरु वा समूहको सरोकारमात्र सम्बोधन गर्ने जस्ता कार्यमा खर्च गर्ने नभई गरिबीको रेखामूनि रहेका २०.२७ प्रतिशत र त्यसमध्येका पनि अतिगरिब वर्गमा पर्ने व्यक्ति तथा परिवारको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी तथा जिविकाका क्षेत्रमा खर्च गर्नुपर्ने देखिन्छ। यथार्थमा, गरिबी र असमानतालाई सम्बोधन गरी गरिबीको रेखामूनि रहेका नेपालीहरूको जीवनस्तर माथि उठाउन सक्दा मात्र निजी क्षेत्रको व्यावसायिक सामाजिक जिम्मेवारीको परिपालना हुन सक्दछ। नेपालको संविधानको धारा १८(३) को व्यवस्था यहाँ स्मरणीय रहेको छ।[३३] उक्त धाराले के कुन आधारमा नागरिकहरूलाई भेदभाव गर्न नमिल्ने भन्ने सम्बन्धमा उल्लेख गरेकोमा "आर्थिक अवस्था"का आधारमा हुने भेदभावलाई यहाँ जोड दिन खोजिएको हो। मूलतः सबै प्रकारका पछौटेपन र अभावहरु कमजोर आर्थिक अवस्थासँग जोडिएका हुन्छन्। यसको अर्थ, अन्य धार्मिक, जातिय, लैङ्गिक, क्षेत्रिय तथा भाषिक आधारमा गरिने विभेदहरुले मानव विकासमा दुष्प्रभाव पार्दैन भन्ने होइन। तर, गरिबी र विपन्नताले ती सबै प्रकारका पछौटेपन र अभावहरु एकै पटक निम्त्याउँदछ जुन अन्य प्रकारका विभेदमा विद्यमान नहुन सक्दछन्। उदाहरणका लागि, पिछडिएका धार्मिक, जातिय, लेङ्गिक, क्षेत्रीय तथा भाषिक वर्ग वा समूहहरुमा सम्पन्न वर्गको उपस्थिति रहन सक्दछ जो स्वयं सशक्त वा मानव विकासका आयामहरुमा सबल हुन्छन्। तर, गरिबीको रेखामूनी रहेको कुनै पनि व्यक्ति त्यसरी सबल वा सुविधासम्पन्न रहने कल्पना गर्न सकिन्न। यसकारण पनि व्यवसायहरुले गर्ने सामाजिक योगदानको पहिलो लाभग्राहीको रुपमा गरिबीको रेखामूनी रहेका व्यक्ति र परिवारलाई नै मान्नुपर्दछ। गरिब, पिछडिएका एवं सिमान्तकृत समूहहरूको उत्थानलाई प्राथमिकिकरण नगर्ने कुनै पनि सामाजिक कार्यलाई यथार्थमा उत्तरदायी मान्न सकिन्न।

---

[३३] नेपालको संविधान, धारा १८(३): राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन।

तर सामाजिक वा सांस्कृतिक दृष्टिल पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लेंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन।

तसर्थ, संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी नियामक व्यवस्थाले खर्चको विवरण हेर्ने मात्र होइन प्राथमिकता वा क्षेत्रगत रुपमा गरिएका खर्चको सम्परीक्षण गर्ने र अतिगरिब तथा लक्षित समूहको समेत पहिचान गरी उत्तरदायी सामाजिक कार्यको प्रवर्द्धन गर्नु आवश्यक देखिन्छ।

३४. नेपालमा संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी प्रचलित नियामक व्यवस्थाको रुपमा रहेका औद्योगिक नियमावली, २०७८ को नियम ४३, नेपाल राष्ट्र बैंकले जारी गर्ने गरेको एकीकृत निर्देशिका र "बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मार्गदर्शन, २०८१" मा कोषको रकम खर्च गर्न सकिने क्षेत्रहरूको पहिचान गरिएको भएतापनि त्यसरी खर्च गर्दा लाभान्वित हुने वर्ग वा समूहको स्पष्ट पहिचान गरिएको देखिँदैन। बैंक तथा वित्तीय संस्थाको सामाजिक उत्तरदायित्वसम्बन्धी व्यवस्थामा "सामाजिक परियोजनाहरूमा हुने खर्च" शिर्षक अन्तर्गत "सामाजिक रुपले पिछडिएका वर्गको आय आर्जन क्षमता अभिवृद्धि" भन्ने सम्मको वाक्यांश परेको देखिन्छ। त्यस्तै, औद्योगिक नियमावली, २०७८ को नियम ४३ को उपनियम (१) को देहाय (घ) मा "न्यून आए भएका, पिछडिएका, ग्रामीण महिला, अपाङ्गता भएका व्यक्तिं तथा अल्पसङ्ख्यक, सीमान्तकृत समुदायका लागि सीपमूलक र आयमूलक कार्यक्रम" भन्ने व्यवस्था गरिएको देखिन्छ। यी दुवै व्यवस्थाहरूले केही हदसम्म लक्षित वर्गको पहिचान गरेको भएतापनि "आयमूलक कार्यक्रम" उल्लेख गरेको हुँदा लक्षित वर्गको विकासमा हुने खर्चलाई सीमित गरेको देखिन्छ। जसकारण सम्बन्धित उद्योग र बैंक तथा वित्तीय संस्थाहरूद्वारा सामाजिक उत्तरदायित्व कोषमा जम्मा गरेको रकम प्रचलित नियामक व्यवस्था अनुरुप तोकिएको क्षेत्रमा खर्च हुँदै गर्दा सामाजिक उत्तरदायित्वको वास्तविक उद्देश्यको पूर्ति हुन सकेको देखिँदैन।

३५. यसरी संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गरिएको रकमको खर्चका लागि लक्षित वर्ग वा समूहको पहिचान नगरिएको अवस्थामा उत्तरदायी क्षेत्रगत खर्च मार्फत् समेत संस्थागत सामाजिक उत्तरदायित्वको वास्तविक उद्देश्य पुर्ति गर्न सकिन्छ। उदाहरणका लागि, नेपाल बीमा प्राधिकरणले जारी गरेको बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८० को दफा ४५(२)(ग) को व्यवस्थालाई लिन सकिन्छ। उक्त व्यवस्थाअनुसार संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट नेपाल सरकारको गरिबी न्यूनीकरण सम्बन्धी रणनीति अन्तर्गत अति विपन्न वर्गको प्राकृतिक प्रकोपबाट हुन सक्ने क्षतिको बीमाद्वारा रक्षावरण गर्दा लाग्ने खर्च गर्न सकिने उल्लेख गरिएको देखिन्छ। गरिबी न्यूनीकरणको क्षेत्रमा यसरी खर्च गर्दा "अति विपन्न वर्ग" लाभग्राहीका रुपमा स्थापित भएको देखिन्छ। त्यस्तै, गरिबी, भोकमरी र कुपोषण निवारण गर्ने जस्ता

विषयगत क्षेत्रमा खर्च गर्दा अन्ततः लाभान्वित हुने भनेका गरिब, विपन्न तथा पिछडिएका समूह वा समुदाय नै हुने देखिन्छ। नेपालको दिगो विकासका लक्ष्य २०१६-२०३० अन्तर्गतका १७ लक्ष्यहरूको पहिचान पनि यिनै गरिब तथा पिछडिएका समूहको उत्थान हुने प्रकारले नै गरिएको देखिन्छ। लक्ष्य १ ले सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने, लक्ष्य २ ले भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने, लगायत अन्य लक्ष्यहरूले समेत गरी यी १७ लक्ष्यहरूको क्षेत्रगत वर्गीकरण गरिएको भएतापनि यी लक्ष्यको मूल लाभग्राहीको रुपमा पिछडिएका वा गरिबीको रेखामूनी रहेका वा समूहहरू नै रहेको देखिन्छ। बैंक तथा वित्तीय संस्थाका लागि नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन र मार्गदर्शन दुबैले दिगो विकास लक्ष्य २०१६-२०३० को प्राप्ति गर्न संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम खर्च गर्न सकिने व्यवस्था गरेकोमा सबै व्यवसायले यसको प्राथमिकिकरण गरी कानूनी अनुपालन गराउनु आवश्यक देखिन्छ। यसरी दिगो विकास लक्ष्यको प्राप्तिको लागि संस्थागत उत्तरदायी कोषको रकम खर्च भए नभएको सम्बन्धमा नेपाल राष्ट्र बैंक लगायत आफ्नो क्षेत्रका नियामक निकाय समक्ष दिगो विकास लक्ष्यको सांकेतीकरण सहितको संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम खर्च भएको प्रतिवेदन पेस गर्ने लगायतका अनुपालनात्मक व्यवस्था गरी मानव अधिकार संरक्षणको उद्देश्य हासिल गर्न सकिन्छ।

३६. मूलतः हाम्रो जस्तो विकासशील मुलुकमा विद्यमान रहेका गरिबी र आर्थिक असमानता जस्ता समस्याहरूको निराकरण गर्न निजी एवं सार्वजनिक क्षेत्रको दायित्व पनि राज्य जत्तिकै हुने हुँदा संस्थागत सामाजिक उत्तरदायित्वका कार्य मार्फत् आफ्नो सामाजिक जिम्मेवारी निर्वाह गर्न व्यावसायिक क्षेत्र उत्तरदायी हुनुपर्दछ। व्यवसायहरूले संस्थागत सामाजिक उत्तरदायित्वको नाममा आफ्ना चिनजानका तथा प्रभाव समूहका व्यक्तिहरूलाई छात्रवृत्ति प्रदान गर्ने, कर छली गर्न वा आफूसँग सम्बद्ध संस्थालाई परोपकारको नाममा चन्दा वा च्यारिटी प्रदान गर्ने, फेस्ट वा कार्यक्रमहरूमा ब्राण्डिङ गर्ने उद्देश्यले प्रायोजन गर्ने लगायत आफ्नो व्यवसाय वा व्यवसायमा संलग्न व्यक्तिका नातेदार वा चिनजानका व्यक्तिहरूलाई प्रत्यक्ष मुनाफा हुने गरी रकम खर्च गर्ने प्रवृत्तिलाई संस्थागत सामाजिक उत्तरदायित्वको कार्य मान्न सकिन्न। यो दुरुपयोग हो। त्यसरी संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकमको दुरपयोग गर्न अपनाइने छद्म प्रवृत्तिहरुलाई औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ४३ को उपनियम (५)[३४], नेपाल राष्ट्र बैंकको

---

[३४] औद्योगिक व्यवसाय नियमावली, २०७८, नियम ४३(५): उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारीका लागि छुट्याएको रकमबाट आफ्नो उद्योगलाई प्रत्यक्ष मुनाफा हुने गरी खर्च गर्न वा कार्यक्रम सञ्चालन गर्न वा आफ्नो लगानी भएका वा आफ्नो उद्योगमा संलग्नता भएका व्यक्ति वा सामाजिक वा व्यावसायिक संघ संस्थामा खर्च पाउने छैन।

निर्देशन, नेपाल राष्ट्र बैंकबाट जारी गरिएको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी मार्गदर्शन तथा बीमकको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी निर्देशन, २०८० को दफा ४५(३), (४) र (५) मा व्यवस्था गरिएको देखिन्छ। संस्थागत सामाजिक उत्तरदायित्वको नाममा व्यवसायीहरूले आफ्नै हित वा स्वार्थका लागि कोषको रकम अपचलन गर्ने यस्ता प्रवृत्तिलाई दण्डस्वरुप जरिवाना एवं सजाय गर्नु उपयुक्त हुने देखिन्छ। तर, सामाजिक उत्तरदायित्व निर्वाह गर्ने क्रममा सामाजिक हित, गरिब तथा पिछडिएका समूहको उत्थान र मानव अधिकारको संरक्षणका लागि गरिएका खर्चहरुलाई अन्यथा भन्न मिल्दैन। त्यस्तो कार्यलाई प्रोत्साहन गर्नु नै संस्थागत सामाजिक उत्तरदायित्वको अवधारणा अनुरुप हुने देखिन्छ।

३७. यसरी संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम के-कस्ता क्षेत्रमा र उद्देश्य पूर्तिका लागि खर्च गर्न सकिने भनी माथि विवेचना गरिएका आयामहरुका रोहमा कोविड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि सरकारले खडा गरेको कोषमा जम्मा गर्ने गरी नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७६ को निर्देशन नं. ६।०७६ बुँदा नं. १६ मा मिति २०७७।४।१२ मा थप गरिएको उपबुँदा (ज) र "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७६ को निर्देशन नं. ६ को बुँदा नं. ६.१४ मा मिति २०७७।४।१३ मा थप गरिएको उपबुँदा (ख) का वैधानिकताका सम्बन्धमा विचार गर्नुपर्ने देखिन्छ। सामान्यतयः संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम नियामक व्यवस्थामा तोकिएको बाहेकका क्षेत्रमा खर्च गर्न मिल्दैन। तर, मानव जीवनको सुरक्षा लगायतका मानव अधिकारको संरक्षणका लागि संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम खर्च गर्नुलाई अन्यथा भन्न मिल्ने देखिँदैन। यसमा निवेदकले कोविड-१९ को सम्भावित संक्रमणबाट नागरिकलाई जोगाउन, बढ्दो संक्रमणलाई नियन्त्रण गर्न र संक्रमित व्यक्तिको उपचारका लागि नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषको उद्देश्य मानव अधिकारको संरक्षण नभई अन्य कुनै दुषित मनसायबाट निर्देशित रहेको भनी भन्न सकेको समेत देखिँदैन। महामारी एक अपवाद हो। २१ औं शताब्दीको सबैभन्दा विध्वंश महामारीको रुपमा विश्वलाई आक्रान्त गराएको कोविड-१९ को रोगको संक्रमण रोक्न स्थापना गरिएको उक्त कोषमा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकम मानव जीवनको सुरक्षाका लागि हस्तान्तरण गरिएको हुँदा संस्थागत सामाजिक उत्तरदायित्वको मुलभूत उद्देश्य बमोजिम नै रहेको देखिन्छ।

३८. संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम सरकारी कोषमा योगदान गर्नै नसकिने भन्ने होइन। यदि कुनै सरकारी कोषको स्थापना नै गरिब, असहाय तथा लक्षित समूहको मानव अधिकार संरक्षण गर्ने उद्देश्यले भएको छ भने त्यस्तो सरकारी कोषमा रकम जम्मा गरी बैंक तथा वित्तीय संस्थाले सामाजिक उत्तरदायित्व निर्वहन गर्न सक्ने नै हुन्छ। कुनै उद्योग वा बैंक तथा वित्तीय संस्थाले आफूले योगदान गर्नुपर्ने रकम मानव अधिकारको संरक्षणका लागि स्थापना भएको सरकारी कोषमा मात्रै होइन सोही उद्देश्य पूर्तिका लागि स्थापना भएका गैरसरकारी सामाजिक संस्थाहरूलाई आर्थिक सहयोग गरेर समेत सामाजिक उत्तरदायित्व सम्बन्धी क्रियाकलापमा सहभागी हुन सक्छ। नेपाल राष्ट्र बैंकको तत्कालीन एकीकृत निर्देशिका, २०७६ र हाल प्रचलनमा रहेको एकीकृत निर्देशिका, २०८१ ले समेत व्यावसायिक रुपमा स्थापना भएका बाहेकका अनाथालय, बालमन्दिर र वृद्धाश्रमलाई दिइएको अनुदान तथा गरिएका खर्चलाई संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट गर्न सकिने खर्चको रुपमै स्वीकार गरिएको देखिन्छ। यसर्थ, मानव अधिकारको संरक्षणका लागि स्थापना गरिएका मूनाफा आर्जन नगर्ने सरकारी तथा गैरसरकारी कोषमा संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम खर्च गर्न सकिने नै देखिन्छ। यससम्बन्धमा भारतीय कम्पनी ऐनको दफा १३५ सँग सम्बन्धित अनुसुची-७ मा संस्थागत सामाजिक उत्तरदायित्वको रकम कहाँ कहाँ खर्च गर्न सकिने सूचिगत व्यवस्था गरी व्यवसायले स्वच्छ भारत कोष, Clean Ganga Fund, PM Cares Fund लगायतका सरकारी कोषमा योगदान गर्न सक्ने व्यवस्था गरेको देखिन्छ।

३९. जहाँसम्म नेपाल राष्ट्र बैंकबाट जारी गरिएको उक्त संशोधनले कम्पनीलाई स्वेच्छिक छनौट गर्न नदिई संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको सबै रकम हस्तान्तरण गर्न निर्देशन दिएको भन्ने व्यहोरा छ यसलाई मानव इतिहासको अपवादात्मक विषम परिस्थितिले सिर्जना गरेको आवश्यकताको रुपमा लिइनु पर्ने देखिन्छ। कसैलाई चन्दा, दान वा अनुदान दिने अधिकार सामान्यतयः कम्पनीको साधारण सभासँग मात्र हुने[३५] भएतापनि विशेष परिस्थितिका कारण सिर्जना भएका सार्वजनिक असुरक्षा र महामारीको समयमा राज्यले अपवाद स्वरुप जारी गरेका निर्देशन वा आदेशलाई अन्यथा

---

[३५] कम्पनी ऐन, २०६३ दफा १०५: (१) कुनै पब्लिक कम्पनी वा बैंक वा वित्तीय संस्थाबाट ऋण प्राप्त गर्ने प्राइभेट कम्पनीको सञ्चालक समितिले शेयरधनीहरुको साधारण सभाबाट विशेष प्रस्ताव पारित नगराई देहायको कुनै काम गर्न गराउन पाउने छैनः-

(क) ...

(ख) ...

(ग) कम्पनीको कर्मचारी वा आफ्नो व्यवसायको प्रवर्द्धनको लागि दिएको अनुदान, चन्दा, उपहार आदिमा गरिएको खर्च बाहेक एक आर्थिक वर्षमा एक लाख रुपैयाँ वा कम्पनीको विगत तीन आर्थिक वर्षको सरदर खुद मुनाफाको एक प्रतिशतले हुन आउने रकममध्ये जुन कम हुन्छ, सो रकमभन्दा बढी रकमको चन्दा, अनुदान वा दान दिन।

भन्न मिल्ने देखिँदैन। कोरोना भाइरसको संक्रमणको क्रममा नेपाल सरकारबाट निजामती कर्मचारी तथा नेपाल प्रहरीका अधिकृतहरूको तलबबाट कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा रकम जम्मा गर्न निर्देशन एवं निर्णयहरू भएको पाइन्छ। यसरी विश्वव्यापी महामारीजस्ता अपवादात्मक स्थितिमा सार्वजनिक हितको प्रवर्द्धन गर्न हेतु जारी राज्यबाट जारी गरिएका निर्देशन एवं निर्णयलाई पालना गर्नु निजी क्षेत्रको समेत दायित्व हुने देखिन्छ। साथै, नेपाल राष्ट्र बैंकले आफूलाई प्राप्त अधिकार अनुरुप जारी गरेको उक्त निर्देशनले नेपालको संविधानद्वारा प्रत्याभुत गरिएको कुनै मौलिक हक अधिकार उल्लङ्घन गरेको वा कुनै कानूनी व्यवस्था विपरित रहेको भन्ने नदेखिँदा कानून बमोजिम जीवन र स्वास्थ्यको अधिकार तथा समग्र मानव अधिकारको संरक्षणका लागि स्थापना गरिएको सरकारी कोषमा जम्मा गर्नुपर्ने बाध्यकारी व्यवस्था गर्ने गरी नेपाल राष्ट्र बैंकबाट जारी गरिएको मिति २०७७।४।१२ र मिति २०७७।४।१३ को निर्देशन कानूनको रोहमा मिलेकै देखिन्छ।

४०. निवेदकले प्रत्यर्थी नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनको कानूनी हैसियत नहुने भन्ने निवेदन जिकिर लिएको सम्बन्धमा यहाँ केही चर्चा गर्नु आवश्यक देखिन्छ। निवेदकले *नेपाल राष्ट्र बैंक सुपरीवेक्षण विभाग बालुवाटार काठमाडौंको जाहेरीले नेपाल सरकार विरुद्ध रुवी जोशी समेत (ने.का.प. २०७३, भाद्र महिना, नि.नं. ९६०८)* को मुद्दामा निर्देशिकाले आफैँमा कानूनको रुप धारण गर्न नसक्ने भनी सिद्धान्त प्रतिपादन भइसकेको जिकिर लिएको देखिन्छ। उक्त फैसलाको अध्ययन गर्दा, *"नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, २०६७ विपरीतको कसुर तथा सजाय ऐन, २०६४ आकर्षित हुने अवस्थासमेत देखिँदैन। बैंकिङ संस्थालाई अनुशासित र मर्यादित बनाउन जारी हुने निर्देशनले कानूनको रुप ग्रहण गर्न सक्ने पनि देखिँदैन। यसरी जारी भएको निर्देशनको अवज्ञा गर्ने व्यक्ति वा संस्थालाई गरिने कारबाहीको प्रकृति र स्वरुप पनि फरक हुने हुन्छ। निर्देशिकाले आफैँमा कानूनको रुप धारण गर्न नसक्ने हुँदा सो निर्देशनविपरितको कार्य कानूनी कसूरजन्य कार्य पनि हुन सक्दैन"* भनी उल्लेख भएको देखिन्छ। उक्त फैसलामा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनलाई बैंक तथा वित्तीय संस्थाहरूले पालना गर्न नपर्ने वा त्यसरी पालना गर्न नहुने भनी कहिँकतै उल्लेख गरेको देखिँदैन। निर्देशन अवज्ञा गर्दा गरिने कारबाहीको प्रकृति मात्र फरक हुने उल्लेख गरिएको देखिन्छ। उक्त फैसलाले मुख्यतः निर्देशनजस्ता प्रत्यायोजित विधायनहरूले कुनै कार्यलाई कसूर घोषणा गर्न वा सजाय गर्न भने नमिल्ने भन्ने आशय बोकेको देखिन्छ।

४१. नूर प्रताप ज.व.रा वि. नेपाल राष्ट्र बैंक केन्द्रिय कार्यालय (ने.का.प. २०६४, अंक ११, नि.न. ७८९९) ले प्रष्ट रुपमा *"तत्कालिन नेपाल राष्ट्र बैंक ऐन, २०१२ को दफा*

२३(क) (१) ले नेपाल राष्ट्र बैंकले जुनसुकै बखत वाणिज्य बैंक र वित्तिय संस्थाको जुनसुकै कार्यालयको निरिक्षण तथा सुपरिवेक्षण गर्न गराउन सक्ने र त्यसो गर्दा ऐ को उपदफा ४ ले आवश्यक देखिएका कुराको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको सम्बन्धित वाणिज्य बैंक र वित्तिय संस्थाले पालना गर्नुपर्ने कर्तव्य हुनेछ भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ। नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले नेपाल राष्ट्र बैंकलाई वाणिज्य बैंक तथा वित्तिय संस्थाको काम कारवाही नियमन गर्ने अधिकार प्रदान गर्नुको साथै ऐ. को दफा ८४ (२) ले बैंकले जुनसुकै बखत वाणिज्य बैंक र वित्तिय संस्थाको जुनसुकै कार्यालयको निरिक्षण तथा सुपरिवेक्षण गर्न गराउन सक्नुको साथै ऐ को उपदफा (५) ले निरिक्षण तथा सुपरिवेक्षण गर्दा आवश्यक देखिएका कुराको सम्बन्धमा बैंक वा निरिक्षण गर्ने अधिकारीले वाणिज्य बैंक वा वित्तिय संस्थालाई आवश्यक निर्देशन दिने त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित वाणिज्य बैंक र वित्तिय संस्थाको कर्तव्य हुने गरी तत्कालिन नेपाल राष्ट्र बैंक ऐन, २०१२ मा भएको व्यवस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले साविकको काम कारवाही निर्देशन दिन सक्ने प्रकृयालाई समाहित गरेको पाईन्छ" भनी उल्लेख गरेको देखिन्छ। त्यस्तै, सुरेशचन्द्र पौडेल वि. व्यवस्थापिका संसद् सचिवालय समेत (ने.का.प. २०६८, अंक ६, नि.नं. ८६२७) मा "नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९(१) ले नेपाल राष्ट्र बैंकलाई वाणिज्य बैंक तथा वित्तीय संस्थाको कामकारवाही नियमन गर्ने पूर्ण अधिकार प्रदान गरी सोही दफाको उपदफा (२) ले यसरी नियमन गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकले आवश्यक देखेका विषयमा नियम तथा विनिमय बनाउन र आवश्यक आदेश निर्देशन तथा सूचना जारी गर्न सक्ने अधिकार नेपाल बैंकलाई प्रदान गरी त्यस्तो नियम तथा विनियम र आदेश निर्देशन तथा सूचनाको पालना गर्नुपर्ने गरी सम्बन्धित वाणिज्य बैंक तथा वित्तीय संस्थालाई कर्तव्य समेत तोकेको देखिन्छ" भनी उल्लेख गरेको देखिन्छ। यसरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९(१) बमोजिम जारी गरिएका निर्देशनहरूको पालना गर्नु सम्बन्धित वाणिज्य बैंक तथा वित्तीय संस्थालाई कर्तव्य हुने भनी ऐ. ऐनमा नै उल्लेख गरिएको, यस अदालतबाट प्रतिपादन भएका सिद्धान्तहरूले समेत सोही आधारमा उक्त निर्देशनहरूको बाध्यात्मक प्रकृतिलाई मान्यता दिइसकेको तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन एवं परिपत्रमार्फत् समस्त बैंकिङ तथा वित्तीय संस्थाहरूको नियमन भईरहेको परिप्रेक्ष्यमा उक्त निर्देशनको कानूनी हैसियत नहुने भन्ने निवेदन जिकिरसँग सहमत हुन सकिएन।

४२. अब **"निवेदक मागदाबी बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन?"** भन्ने सम्बन्धमा विचार गर्दा, प्रथमतः औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५४ मा व्यवस्थित

व्यावसयिक सामाजिक जिम्मेवारी सम्बन्धी प्रावधानको कार्यान्वयन गर्न नियमावली बनाई लागू गर्न गराउन परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन मागदाबी सम्बन्धमा प्रत्यर्थी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट औद्योगिक व्यवसाय नियमावली, २०७८ जारी भई मिति २०७८।१२।२१ मा नेपाल राजपत्रमा प्रकाशित समेत भईसकेको अवस्थामा निवेदक मागदाबी बमोजिमको कार्य भईसकेको देखिँदा परमादेशको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदनमा मिति २०७७।४।१२ र मिति २०७७।४।१३ का दिन नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाको २०७७ असार मसान्तमा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा बाँकी रहेको सम्पूर्ण रकम २०७७ साउन मसान्तभित्र नेपाल सरकारले स्थापना गरेको कोरोना सक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गर्नुपर्नेछ भनी उपबुँदा (ज) तथा उपबुँदा (ख) थप गर्ने गरी जारी गरेको निर्देशन उत्प्रेषणको आदेशबाट बदर गरिपाउँ भन्ने मागदाबी रहेको सम्बन्धमा नेपालको संविधानको भाग-३ द्वारा प्रत्याभूत गरिएको व्यक्तिको बाँच्न पाउने हक (right to life) र स्वास्थ्य सम्बन्धी हकको संरक्षण गर्ने उद्देश्यका लागि बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको एक वर्षको रकम कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा जम्मा गर्न प्रत्यर्थी नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशनलाई अन्यथा भन्न मिल्ने देखिएन।

४३. संस्थागत सामाजिक उत्तरदायित्वका मूल्य, मान्यता र अन्तर्राष्ट्रिय सिद्धान्तलाई केन्द्रमा राखी सामाजिक उत्तरदायित्व वहन गराउने, सोको यथोचित परिचालन र नियमन गर्ने विषय समेत समेट्ने गरी एउटा छाता ऐन वा आवश्यक कानून बनाउन परमादेशको आदेश जारी गरी पाऊँ भन्ने मागदाबीका सम्बन्धमा यस अदालतबाट मिति २०७७।६।५ को आदेशले निवेदकले माग गरे बमोजिमको छाता ऐन (Umbrella Act) बनाउन आवश्यक रहे नरहेको भन्ने विषय तथा संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी अन्तर्राष्ट्रिय तथा तुलनात्मक क्षेत्राधिकारका अभ्यास र त्यसबाट नेपालले ग्रहण गर्नुपर्ने विषय समेतका सम्बन्धमा सरोकारावालाहरूसँग समेत संक्षिप्त परामर्श गरी निवेदकसमेतको संलग्नतामा प्रत्यर्थी नेपाल राष्ट्र बैंकबाट पेस गरिएको प्रतिवेदनले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी छाता ऐनको आवश्यकता रहेको निष्कर्ष गरेको देखिन्छ। प्रत्यर्थी नेपाल राष्ट्र बैंकका अधिकारीहरू बहुमतमा रहेको उक्त प्रतिवेदनले मुलुकमा एक छाता ऐनको आवश्यकता रहेको ठहर गरेको र सो प्रतिवेदन पेस भए लगत्तै २०८१ सालमा बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी मार्गदर्शन जारी गरिएको हुँदा नेपाल राष्ट्र बैंक लगायतका प्रस्तुत रिट निवेदनका प्रत्यर्थीहरूले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी छाता ऐनको

आवश्यकतालाई नजरअन्दाज गरेको भन्न मिल्ने अवस्था देखिएन। साथै, संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी ऐन निर्माण गर्न विभिन्न देशहरूमा भएका प्रयासहरू समेतलाई मध्येनजर गरी एक सफल र उदाहरणीय संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी छाता ऐनको निर्माण गर्नका लागि पर्याप्त विधायिकी स्वतन्त्रता र दक्षता समेतको आवश्यक पर्ने हुँदा प्रत्यर्थी लगायत कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र नेपाल सरकारले सकारात्मक पहल गर्ने विश्वासका साथ हाल परमादेश जारी गरिएको छैन। यद्यपि, व्यावसायिक सामाजिक जिम्मेवारी वहन गर्न खर्च हुने रकम र संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट खर्च हुने रकमको प्रभावकारिता कायम गर्न तत्काल आवश्यक भएको तथा प्रत्यर्थीहरूबाट मस्यौदा भई निर्माण हुने संस्थागत सामाजिक उत्तरदायित्व ऐनलाई मुलुकको आवश्यकता अनुरुप गरिबी निवारण र मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्णतर्फ केन्द्रित गर्न प्रत्यर्थीका नाममा देहाय बमोजिमका निर्देशनात्मक आदेशहरू जारी गरिएको छः-

क. व्यावसायिक सामाजिक जिम्मवारी वहन गर्ने प्रयोजनका लागि छुट्ट्याइएको रकम र संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकम ठूला विकास आयोजनामा खर्च गर्न मिल्ने नभई गरिब, विपन्न तथा लक्षित वर्गको उत्थानका लागि संस्थागत सामाजिक उत्तरदायित्वको मूल्यमान्यता अनुसार खर्च गर्नुपर्ने रकम भएकाले त्यस्तो कोषमा जम्मा हुने रकम मुलुकमा रहेको चरम गरिबी (extreme poverty) निवारण गर्न तथा गरिबीको रेखामूनि रहेका नेपाली नागरिकको प्रत्यक्ष हित हुने गरी प्रयोग गर्न गराउन प्रत्यर्थीहरूले आवश्यक व्यवस्था गर्नू गराउनू,

ख. नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) अनुसार २०.२७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहेको तथ्यांक रहेकोमा सो मध्ये पनि चरम गरिबीमा जीवनयापन गरिरहेका समुदायको छनौट गरी त्यस्तो समुदायको आवास, शिक्षा, स्वास्थ्य, बालबालिका, महिलाको उत्थान तथा उक्त समुदाय बसोबास गरिरहेको निश्चित स्थान भएमा त्यसको पूर्वाधार विकास, निजी शौचालय, स्नान कक्ष लगायतका न्यूनतम मानवीय जीवनलाई आवश्यक पर्ने क्षेत्रमा व्यावसायिक सामाजिक जिम्मेवारी वहन गर्नका लागि छुट्ट्याईएको रकम र संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकम खर्च गर्न तत्काल व्यवस्था मिलाउनू,

ग. गरिबीको रेखामूनि रहेका जनसमुदायको हकअधिकार संरक्षण गर्ने उद्देश्यका साथ स्थापना गरिएको सामाजिक संस्थामार्फत् त्यस सम्बन्धमा नीतिगत तथा

कानूनी वकालत गर्न र त्यस्तो समुदायको राज्यसँग संवाद गर्न सक्ने क्षमता विकास गर्न व्यावसायिक सामाजिक जिम्मेवारी वहन गर्नका लागि छुट्ट्याईएको रकम र संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम खर्च गर्ने गरी तत्काल व्यवस्था मिलाउनू,

घ. संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम मुलतः गरिबी निवारणको उद्देश्य प्रासिको बाहेकका क्षेत्रमा खर्च वा प्रयोग गरिएमा वा बैंक तथा वित्तीय संस्थाका कर्मचारी तथा निजी आयोजनामा खर्च गरिएको अवस्थामा आवश्यक कारवाही गरी कोषको जवाफदेहीता एवं उत्तरदायित्व प्रवर्द्धन गर्न प्रत्यर्थी नेपाल राष्ट्र बैंकले बैंक तथा लघुवित्त लगायतका वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी प्रचलित कानूनी व्यवस्थामा आवश्यक संशोधन गर्नू गराउनू।

ङ. उद्योगहरूले व्यावासयीक सामाजिक जिम्मेवारी वहन गर्नका लागि छुट्ट्याएको रकम गरिबी निवारणको उद्देश्य प्रासिका लागि खर्च भए नभएको सम्बन्धमा अनुगमन एवं कारवाही गर्ने लगायतका आवश्यक कार्य गरी त्यसरी छुट्ट्याएको रकमको प्रभावकारिता, जवाफदेहीता तथा उत्तरदायित्व प्रवर्द्धन गर्न प्रत्यर्थी नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आवश्यक व्यवस्था गर्नू गराउनू,

च. संस्थागत सामाजिक उत्तरदायित्व कोषमा रहेको रकमका सम्बन्धमा क, ख, ग, र घ नं. मा उल्लेख गरिएका निर्देशनात्मक आदेशलाई दिर्घकालीन रुपमा सम्बोधन गरी मुलुकमा रहेको चरम गरिबी निवारण गर्ने तर्फ केन्द्रित गर्न प्रत्यर्थी नेपाल राष्ट्र बैंक समेतलाई ऐनको निर्माण प्रक्रियामा समावेश गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत् यो आदेश जारी भएको दुई वर्ष भित्र एक संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी एकीकृत ऐनको मस्यौदा गरी व्यवस्थापिका संसदमा पेस गर्नू।

४४. अतः प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। अरू तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

१. संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी छाता ऐनको निर्माणार्थ प्रस्तुत आदेशलाई समेत आधार मानी कानूनी व्यवस्था गर्न तथा प्रत्यर्थीहरूको जानकारीका लागि यो आदेशको १/१ प्रतिलिपि प्रत्यर्थीहरू र महान्यायाधिवक्ताको कार्यालयमा पठाईदिनू।

२. प्रस्तुत रिट निवेदनमा जारी गरिएको आदेशको कार्यान्वयनका लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२७(४) बमोजिम यस आदेशको प्रतिलिपि फैसला कार्यान्वयन निर्देशनालयमा पठाईदिनू।

३. प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी आदेशको प्रति यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

न्यायाधीश

(हरिप्रसाद फुयाल)

उक्त रायमा सहमत छु।

न्यायाधीश

(नृपध्वज निरौला)

इजलास अधिकृतः- निलकण्ठ बस्याल (शाखा अधिकृत)

फैसला तयार गर्नेः- राकेश बम (शाखा अधिकृत)

अनुसन्धान प्रशिक्षार्थीः- मल्लिका ओझा

इति संवत २०८१ साल मंसिर १७ गते रोज २ शुभम्.......................................।